CC-0. In Public Domain. Digitization by eGangotri

५९·६९५
आ·४४आ

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

आकुञ्चन

[विविध प्रकाशन]

वर्ष २ पौष ०३७ अङ्क १

सरक्षकः-
स्व० हरिभक्त कटुवाल
ईश्वर वल्लभ

संपादन तथा प्रकाशनः-
जीवन आचार्य

संपादन तथा व्यवस्थापनः
रामेश्वर लाल सिंह

'आकुञ्चन'को आगामी अङ्क "लघुकथा" विशेषांक हुनेछ।

पत्र / सम्पर्कः
पोष्ट बक्स नं. १२६
[illegible]

मुद्रकः-
[illegible] अङ्ग प्रेस
[illegible], ठमार्डी

मोल ३।-

सूचिगत

विशेष अन्तरवार्ता

हरिभक्त कटुवालसंग —
ईश्वर वल्लभ ७

गीत

हरिभक्त कटुवाल ५१

आजका कविता

तोया गुरुङ्ग ५
शिव गोपाल रिसाल १४
विश्व विमोहन श्रेष्ठ २२
कणाद महर्षि ३२
गगन विरही ३७
ईश्वर वल्लभ ३८
भरतराज पन्त ४५
फणिन्द्र नेपाल ५६

कथा / लघुकथा

अनिता तुलाधर १६
ध्रुव मधिकर्मी २१
इन्दिरा प्रसाई ३४
दिव्य गिरी ४६

मनो विज्ञान

कृष्ण प्रसाद भण्डारी २४

अनुसंधान

भूपहरि पौडेल ४१

सम्मालोचना ❁

पी० पी० गडतौला ५२

❁ बाँकी आगामी अङ्कमा

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

CS 485
35/88 31

प्रिय भाई,

बहुदलको हार हाम्रो सवैभन्दा ठूलो हार हो ।
गम्भीर शोक प्रकट गर्दौं
पत्रवाहक हस्ते रु. २०।– पठाइ दिनु होला ।

उही दाइ
हरिभक्त कटुवाल

जेष्ठ २, ०३७

हाम्रो अनुरोधमा कटुवाल दाई यस पत्रिकाको संरक्षक स्वीकानुं हुन्छ । घनिष्टता र न्यानो माया पाउँछौं । धेरै जसो चुरोट र केही पेग रक्सी पियाउँछौं । चुरोट र रक्सी पियाउने यो क्रम १ वर्ष नपुग्दैमा उहां हामीलाई यस पत्रिकामा संरक्षक मुनि स्व. लेखाउन वाध्य पार्नु हुन्छ । कटुवाल दाई ! नेपालले आशु र वन्धन दिए भन्दा थोरै भएपनि कमसेकम हामी तपाईंलाई रक्सी त पियाउँथ्यौं ओ. के. रेष्टुरांको टेवुलमा । किन किन क्षणहरू त्यस्ता हुँदा रहेछन् कि तपाई ले रक्सी र चुरोट नपिएको अवस्था हामीलाई रुच्दैनथ्यो । आगोको जल्ने क्रमलाई हामी पानी खन्याएर विच्छेद गर्न चाहँदैनथ्यौं, त्यसैले भट्टितेल खन्यायौं आगोमा । त्यसै गरेर तपाईंमा रक्सी । शायद हामीले गल्ती गरेनौ र शायद हामीले भयंकर भूल गऱ्यौ कि एकेडेमीले दुत्कारेको तपाई लाई हामीले पनि र शायद 'रूपरेखा'ले र 'अभिव्यक्ति'ले पनि 'राम' भन्न सक्यौं काध थाप्न सकेनौं ।

कटुवाल दाई ।

तपाईंको त्यो चिठी हाम्रो फायलमा सुरक्षीत छ, यस कारणले कि तपाईंले बांचेको नेपालको लागि त्यो चिठी साहित्यकारको तर्फबाट एउटा खुला आवेदन होस र तमाम नेपाली साहित्यकारहरू सैनीकको मार्च भैं प्राप्तीको लागि लाममा उभिइरहने छन् !

CC-0. In Public Domain. Digitization by eGangotri

सूचिगत

—लोया गुरुङ्ग

वस्तुतः सूचि
उ यो संपूर्ण घर-गाउँको भौगोलिक सूचि
नान चित्रमा
उ मनसूचि र तनसूचि पनि
एक टुक्रा जमिन र सीमित आयस्ता
अतः परजीवी र पराकाष्टाको अभिरुचि ।

भरखर मात्र एउटा अग्लो टाकुरावाट
जसले बिकुल फुकेको थियो
तर,
सरहदका जिज्ञासुहरूले बिकुलको आवाज सुनेनछ
र, उनीहरू आ-आफ्नो ड्याङ बनाउन कते हिडेको रहेछ ।

मनचिन्ते भाडो (भाडो) बोकेर
उ टाकुरावाट ओर्लेछ
अगाडी उसको एउटा खुट्टा थियो
र पछाडी एउटा हात
छेउ-छाउ ठूल ठूला दिदी-वहिनी पहाडहरूथिए

CC-0. In Public Domain. Digitization by eGangotri

समतल मन्चमा पुगेपछि उ अड्डियो
र फेरि विकुल फुक्यो

ढाप चौरमा खमी बाख्राहरू थिए
लौकाटहरू थिए
कते खाडल र कते आतसबाजीका धुवाँहरू आकाशीदै थिए

उ । उ फेरि मञ्चबाट ओर्लियो
र पूर्वको ढ़ोकाबाट उत्तरतिर मोडिएर
फरि दक्षिण फर्कर
एउटा भाले किनेर
भाकल गरेर
उ त्यो मन्दिरबाट
सूचि द्वन्दको फौजहरू बटुलेर
उ विषयगत उतातिर लाग्यो ।

□

व्याकरण परखाल होइन अनुशासन हो ।

—अज्ञात

मानिस जति छोटो हुन्छ उसको अहंकार उति नै ठूलो हुन्छ ।

—वाल्तेयर

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध कवि तथा गीतकार
हरिभक्त कटुवाल संग अन्तर्वार्ता

(आकुञ्चनको लागि ईश्वरवल्लभ द्वारा विशेष)

वल्लव -- हरि, तिमीलाई मैले चिनेको अहिले होइन दुई तीन दशक बितिसकेका छन । पहिलो चिनारी व्यक्तिगत नभएतापनि आसामबाट उडेर आएर दार्जीलिङमा पुगेको थियो । र त्यो चिनारी काव्यात्मक थियो—तिमीलाई याद छ भने बसबेलासम्मन हिंडिसकेका दशकहरू बारे आफ्नो मन्तव्य भनिदिने ।

कटुवाल— साँचो अर्थमा मैले मेरो जिन्दगी यही काव्यता प्रतिनै समर्पित गरें-तिमीलाई थाहाछ, वल्लभ, साहित्य क्षेत्रमा आसाम धेरै पछि परेकोछ यद्यपि आसाममा हाम्रा मानिसहरूको संख्या ठूलो छ । मलाई एक प्रकारको छटपटि हुन्थ्यो—कसरी आसाममा नेपाली भाषा साहित्यको राम्रो जग बसाउँ । त्यसैले सायद केहि सिक्ने, केहि बुझने आग्रहले बेलाबेलामा म दार्जीलिङ पुग्थ्यें, काठमाण्डू आउँथ्ये र फर्केर आसाममा गई केही गर्ने जमर्को गर्थें । हो, हाम्रो पहिलो भेट दार्जीलिङ मानै भएको हो । हामीले आफ्ना विचारधाराहरू साटासाट गर्थ्यौं, । हामी भित्रको त्यो काव्यतालाई हामीले मनं दिएका छैनौं । यो दुई तीन दशक भित्रमा नेपाली साहित्यजगतमा निकै आन्दोलनहरू भए । जस्तो भन, तिमिहरुकै आयामेली आन्दोलन मञ्जुलहरूको राल्फाली आन्दोलन, कविताराम्हरूको अस्वीकृत जमात शुरू भएर नफस्टाई त्यसैकै हराएको अमलेख जमात आदि आदि ।

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले भन्ला भी आन्दोलनहरूको उपलब्धि के त ? म भन्छु, उपलब्धि धेरै भए । हाम्रा जिबीषाहरू बढदै गए । लेखनशैलीमा, विषयवस्तुमा नवीनता आयो ।

वल्लभ— म एकजना साह्रै सशक्त कविलाई अझै सम्झन्छु उनी थिए । दार्जीलिङका र संपूर्ण प्रवासका कवि अगमसिंह गिरी । अगमसिंह-गिरी आफ्नो काव्य चैतन्यमा नेपाल सोचथ्ये । नेपाली जाति सोचथ्ये । तर हरि, तिमी पनि त्यत्तिकै सशक्तताको कवि हो तर तिमीले लाक्षणिक रूपमा जहिले पनि जाति सोच्यौ । अगमले प्रष्टतया भाषाको अभिव्यक्तिमा जाति सोचे । तर मलाई कस्तो लाग्दछ त्यो प्रष्टता भन्दा तिम्रो कलात्मक लाक्षणिकता ठूलोलाग्छ । तिमीलाई भन्नु केही छ ?

कटुवाल -- वल्लभ, मैले संधै अगमलाई आफुभन्दा माथि राखेर आएकोछु । जो लेख्छ, तिनीहरू मलाइ मनपर्छन । म श्रद्धा गर्दछु । अगमलाई सधै मैले श्रद्धा गरें । नढाँटी भन्नै हो भने बल्लभ, भारती, गोर्खा आदि पत्रपत्रिकामा छापिने गरेका गिरीका कविताले मलाई काव्यक्षेत्रमा ठूलो प्रेरणा दिएकोछ । नेपाली साहित्यमा मेरो प्रवेश ढिलो भयो । सुरूसुरूमा मैले असमिया भाषामा कथा, कविता, निबन्ध आदि लेख्ने गरें । पछि, अघिल्लो प्रश्नको उत्तरमा भनेझैं आसामका नेपालीको साहित्यिक दुर्दशा हेरेर बस्न सकिन । म ओर्लें । म जब कतै ओर्लन्छु, आफुलाई सँपूर्ण समर्पित गरेर ओर्लन्छु । अगमले नेपाललाई, नेपालीलाई जति माया गरे, त्यति माया अझै मैले गर्न सकेकोछैन । उनका पंक्ति पंक्तिमा नेपाली प्रेमको प्रतिछबि हुन्थ्यो । उनी मोहब्बत गल्लीको तामाङ कुल्लीलाई देखेर द्रबित हुन्थ्ये । भन्थ्ये,-- पहाडी फूल सँधै काँड़ामै हाँसेको हुन्छ । म मेरो कलात्मक लाक्षणिकतालाई कसरी ठूलो भनुं, वल्लभ, मलाई त तिमी मन पर्छौ। तिम्रो कलात्मक लाक्षणिकता मनपर्छ । त्यस्तै अरू धेरै धेरैको । हामी कसले के लेख्छौं, हाम्रो सिद्धांत के हो, त्यो व्यक्ति व्यक्तिमा भरपर्छ । तर हामी लेख्छौं—हाम्रो लेखिरहनु हामीलाई सँधै सजग राख्ने हाम्रो बानि हो ।

८, आकुञ्जन

CC-0. In Public Domain. Digitization by eGangotri

वल्लभ— यार, मलाई अब एउटा कुरा, एउटा कुरा के धेरै कुरा हरिलाई सोध्न मन लाग्छ। यी पन्ताहरूमा अट्दैनन्। तर एउटा अर्कै सोध्छु हरि, तिमि आसामको गल्ली गल्लीमा, गाउ गाउमा जतासुकै कति परिचित छौ त्यस्को उपलब्धि अगमले पाएको थिएन। तर तिम्रो तिमी अगमलाई त्यसरी सँझिन्छौं। मैले कविताको कुरा गरेको—मैले भावुकताको कुरा गरेको होइन। तिमीलाई केहि भन्नुछ?

कटुवाल— वल्लभ, तिमी आसाम गएकाछौं। तिमीले त्यहाँ देख्यौंहोला त्यहाँ म एकैचोटी कवि थिएं, नाटककार थिएं, राजनैतिक नेता थिएँ, सामाजिक कार्यकर्ता थिएँ, र एउटा किसान पनि। मैले त्यहाँ प्रतिष्ठा खोजिन, जे गरें, जति गरें, त्यस्मा मेरो कुनै स्पर्श थिएन। बनिरहेको बाटोमा हिड्नु एउटा कुरा, र बाटो बनाउदै हिड्नु अर्कै कुरा। सायद त्यसैले अगमसिंह गिरीले दार्जीलिङमा त्यो स्नेह पाएनन् जुन स्नेह मैले आसाममा गल्ली गल्लीमा पाएँ। म अगमलाई मात्र त्यसरी श्रद्धा गर्दिन, भर्खरै नेपाली साहित्यमा देखापरेका किशोर, कणाद, विमल, अशेषहरूलाई पनि उस्तै श्रद्धा गर्दछु। किनभने उनीहरू लेख्छन्।

वल्लभ— एउटा कुरा म भनुँ तिमीलाई मैले एकदिन मञ्चमा कविता पढिरहेको सुनेको थिएँ, तिमीले त्यो कविता पढेको अलि अलि संझना छ। सायद तिम्रै किताबको शीर्षक पर्‍यो होला "यो जिन्दगी खै के जिन्दगी" त्यस कवितामा तिमी अलिकति निरास थियौ। तर हाम्रो नेपालमा तिमी छौ। यो निरासपन अर्कै पनि तिमीसंग किन छ?

कटुवाल— सायद यस प्रश्नमा मैले भद्रपुरको मञ्चमा कविता पढेको कुरा भन्न खोज्यौ होला होइन? वल्लभ, मानिसको जिन्दगीमा हांसो पनि छ र आंसु पनि छ। जिन्दगी जिउने क्रममा जब म निरास भएँ, निरासकै कविता लेखें। जब आनन्दले उद्वेलित भएँ, हर्षका गीत गाएँ। म आंसु लुकाएर

CC-0. In Public Domain. Digitization by eGangotri

हांसोको कथा कसरी लेखुं ? टन्न गर्म कपडा लगाएर, ठूलाठूला होटेलमा कफि र ड्रिङ्कस खाएर जाडो लाग्यो पांच पैसाभन्ने बालकको कविता मलाई लेख्न मन लाग्दैन । काठमाण्डूका पेटीमा देखिने ती बालकहरूको भोगाई, जाडो, र भोक लाई उसबारे कविता लेख्नुछ भने मैले आत्मसात गर्नुपछ तिनीहरूसंग । निरास को छैन वल्लभ, यो नेपालमा ? देखावटी उल्लासले के गर्छ ? हाम्रो देशको स्थिति तिमीलाई थाहनैछ । छिमेकी राष्ट्रबाट दुई दिन मट्टितेल आइदिएन भने यहां लाखौं अनुहार निरास हुन्छन । आसावादी म पनि छु वल्लभ, । यी असख्य निरास व्यक्तिहरूको पंक्तिबाट आफूलाई अलग राख्नु नसकेरे सायद म निरास छु ।

वल्लभ — हरि तिम्रो कविता मैले पढेकोछु । कही कवितामा तिमीले भनेका छौ सायद बिर्सिएहुँला अहिले तँपनि मलाई सँझना छ मट्टीतेलको टीन भित्र मट्टितेल भएर हाम्रो नेपालीको लागि तिमीले पस्न कोशिस गरेकाछौ । नेपाली दुखलाई यसरी आत्मसात गर्ने कोशिश किन गर्‍यौ ?

कटवाल— म आसाममा जन्में, आसाममै पढें, बढें तर कलाकता त्यहांका नेपालीको जनजीवन देख्दा मन पिरोलिन्थ्यो । अगम जस्तै मैले पनि नेपाल र नेपालीलाई धेरै माया गरेकोछु । उनीहरूका प्रत्येक समस्याले मलाई नराम्रोसंग घचघच्याएका छन् । सत्ताइस सालको कुरा हो काठमाण्डूमा मट्टितेलको हाहाकार थियो । म के देख्छु भने मध्ये दिनमै हातमा मट्टितेलको टिन झुण्ड्याएर निस्केको मेरो घरपेटी साहु बेलुका रित्तो टिन हल्लाउँदै घर फर्किरहेथ्यो । त्यसरात उस्को घरमा भात पाकेन । त्यसैले मलाई लाग्यो मेरा कविताले मट्टितेलका समस्यासम्म समाधान गर्न सकेन । त्यसैले मलाई लाग्यो म कवि नभएर मट्टितेल भइदिएको भए त्यस रात त्यो भोकै बस्न पर्ने परिवारको निकै काम लाग्थ्यो । त्यसैले मलाई हरेक नेपालीको पीडासंग आत्मसात गर्न मन लाग्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

वल्लभ— मैले कता कता पढेकोछु, मैले कता सुनेकोछु—मेरो नेपालीहरूले भिक्टोरीया क्रस पाए रे, कस्कोलागि ? मेरो नेपालको लागि ? भन्ने प्रश्न म सोध्छु हरि, मैले सुनेकोछु, मेरा नेपालीहरूले कहाँकहाँ बहादुरी गरेरें ? यो कस्को लागि ? नेपालको लागि ? आसामको लागि ? दार्जीलीङ-को लागि ? कवि, अब भन, तिमीलाई कस्तो लाग्छ हामी सबै यस्तैको लागि ?

कटुवाल— नेपालीहरूले भिक्टोरिया क्रस पाए अझ भर्नीं अशोक चक्र, परमवीर चक्र पाए न ती नेपालका लागि थिए, न दार्जीलिङ र आसामका लागि थिए। थिए भने नेपालीको गरिबी र बाध्यताका लागि। नेपालीहरू गरीब छन, त्यसैले उनीहरू विदेशी फौजमा भर्ती भई विदेशीकै लागि लडे, तक्मा पाए, बहादुरी देखाए। नभए के गरुन त ? घरमा स्वास्नीलाई आङ ढाक्ने एकजोर लुगा हालिदिने हुत्ति थिएन। त्यसैले उनीहरू मनं डराएनन्, विदेशी फौजमा गएर केही कमाएर ल्याउँ र आफ्नो गरिबीबाट मुक्ति पाउँ भनेर त्यता गए। स्वभावलेनै नेपाली जाति आत्माभिमानी हो। तर बाध्यताहरूका अघिल्तिर आत्माभिमान कत्तिञ्जेल टिक्छ र ?

वल्लभ— मेरो देश कतै संघिहरू पनि छन रे। मेरो देशको संघिहरू भित्र हामी सबै कम्जोर छौं रे, किन हामी अपमानित भएर पनि यो कुरा मान्छौं। हरि, त्यस संघिमा न ईश्वरवल्लभ सामेल छ न कवि हरिभक्त कटुवाल सामेल छ। यस्लाई परिवर्तित गर्न हामी सक्छौं कि सक्दैनौं ? हाम्रो गरिबी छ, हाम्रो जस्तो गरीब देश अरु पनि छन यहां नाम लिंदा लामो सूचि बन्छ। सबैलाई थाहाछ, के तिनीहरू पनि हामी जस्तै बाध्यछन ?

कटुवाल— हेर वल्लभ, हाम्रोदेशले जोसंग सिमा संधी गर्‍यो तिनीहरू त्यहां अहिले छैनन्। अहिले त्यहाँ जुन व्यवस्था छ त्यससंग हामीले त्यस्तो कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

संधी गरेको कुरा हामीलाई थाहाछैन । मैले माथिनै भनें गरिबी नेपालीको बाध्यता हो । हो गरीब राष्ट्र घेरै छन् तर ती राष्ट्रहरूको विकाशका लागि मरिमेटने सरकार छ, नेता छन् । ती राष्ट्रका जनता आफैलाई उत्सर्ग गर्न तयार छन् । तर हाम्रा राष्ट्रमा त्यस्ता के कत्तिछन् वल्लभ ? मलाई यहाँनिर कविशिरोमणिको दुई पंक्ति कविता संझनाहुन्छ "म खाउँ, मै लाउँ, सुख सयल वा मोज म गरूँ । म हांसु, मै बाँचु अरू सबै मरून दुर्बलहरू" । वल्लभ, के यी दुई पंक्तिमा हाम्रो राष्ट्रको चरित्र झल्किदैन र ?

वल्लभ मलाई कहिले लाग्छ, हरि, तिमीले भनेको कुरा सबै सत्य मानुँ तर, एकदिन मलाई सोच्नु पनि मन लाग्छ त्यो केहो भने हामी राष्ट्र भएर आफनै सोचाई आफनै भोजनमा बांच्ने । मेरा सोच्नुको तात्पर्य थियो मेरो देश पनि छ । म कुनै देशमा छु । के म भएको देश त्यति कमजोर छ ? हेर हरि, म बुझछु तिम्री भाषा । हामी नेपालीहरू कता कता बांडिएकाछौं तैपनि जतासुकै हामी भएतापनि हामीले नेपाल बचाएका छौं ? आज मलाई एउटा देशको याद आउँछ त्यो अफगानीस्तान्, त्यहां रूसले हमला गऱ्यो भनेर भन्छन्, हरि, भन, नेपाललाई कसैले हमला गरेको मन पछ ?

कटुवाल— निश्चयनै मन पर्दैन वल्लभ । तर कसैले गरिहालेछ भने हामी जोगीन पनि कसरी सक्छौं ? हाम्रो कमजोर मुलुकमा भने जस्तो एउटै Anti Aircraft Gun छैन Radar छैन । आक्रमणकारीका ४ वटा विमानले हामीलाई तहसनहस गरेर जान सक्छ । हामी सधै आपसमा बाभन व्यस्त छौं । हामी कसैको नेतृत्व स्वीकार गर्न पनि सक्दैनौं । हामीमा नेतृत्व दिने हुति पनि छैन । अफगानीस्तानको कुरा भन्यौ त्यहाँका वर्तमान सरकारका राष्ट्रपति बार्बाक कर्मालको एउटा वक्तव्य आजै मैले अखवारमा पढेको थिएँ । उनी भन्छन् "सोभियत सैन्यलाई हामी अफगानीले नै

CC-0. In Public Domain. Digitization by eGangotri

निम्त्याएकाहीं, त्यो हाम्रो त्यसबेलाको आवश्यकता थियो । उनीहरूको यहाँ काम सकिनासाथ उनीहरूलाई फिर्ता पठाइनेछ । बल्लभ, दक्षिणपूर्व एसियाको यो तनाव चर्काउनुमा जति अमेरिकीहरूको हात छ त्यति रूसीहरूको छ जस्तो मलाई लाग्दैन ।

बल्लभः-- छोडदेउ हरि, राजनीतीको कुरा । मलाई कहिले कहिले संझना आउँछ– त्यो रूसमा पनि साहित्यिकहरू थिए । एउटा ठूलो नाम म लिन्छु दोस्तवेस्की, त्यसलाई जारशाहीले दुख दियो । र पछिका क्रान्तीका नेताहरूले पनि उस्लाई स्विकार गरेनन् । त्यसै प्रकार अहिले वर्तमानमा एप्तुसेङ्को सोल्झेनीत्सीन, बोरीस पास्तरनाक र अहिले हालमा सखारोवलाई रूसले दुख दिंदैछ । ती चेतनताहरू प्रति हरि, तिम्रो कुनै सहानुभुति छैन ?

कटुवालः-- एप्तुसेङ्को र सखारोवलाई मैले अझै पढने मौका पाएको छैन । बांकी तिनैजनाका कृतिहरू थोरबहुत पढेको छु । बल्लभ, के टि. एस. इलियटले, एज्रा पाउण्डले अथवा भर्नी छिमेकी राष्ट्र भारतका निरालाले र हाम्रा आफ्ना महाकवि देवकोटाले आ-आफ्नो राष्ट्रबाट स्विकृती प्राप्त गर्न सके र ? रूसको मात्र यही किन कुरा गर्ने ? उस्को आफ्नो राजनैतिक सिद्धान्त छ । त्यसबाट विचलित भएर लेख्नेहरूलाई निश्चयनै उस्ले स्विकार गरेको छैन । तर जहांसम्म मलाई लाग्छ दोस्तवेस्की लाई अब उनीहरूले फेरी खोज्न लागेकाछन् । हाले मैले उनको 'Idiot' भन्ने उपन्यासका दुई भोलम मस्को सरकारलेनै छापेको देखें । अब यी कुरा छोडौं बल्लभ । जति जति हामी कुरा कोट्याउँदै जान्छौं, हाम्रा कुराको अन्त्य हुँदैन । तिमीले आज मेरो जुन अन्तर्वार्ता लियौ त्यसकालागि तिमीलाई म धन्यवाद दिन्न, मात्र यति भन्छु हामीले आज फेरी एकचोटी धेरै राम्रा कुरा गर्यौं ।

बल्लभः-- धन्यवाद हरि । मलाई धेरै सोध्न बांकी थियो किनभने तिमी प्रबुद्ध लेखकहौ ! तैपनि अब म तिमीबाट बिदा लिन्छु तिम्रो इच्छा अनुसार । कुनैबेला मौका पाए फेरी सोधौंला भन्ने पनि मेरो आकांक्षा छ, तिमीलाई अवगत गराउँदछु, धन्यवाद । □

CC-0. In Public Domain. Digitization by eGangotri

हामी जिउँदा लास हौं

—शिवगोपाल विसाल

टुकुचामा पनि कहिले काहिं त बाढी आउँछ
र भएभरका फोहरहरू बगाएर लैजान्छ
तर हामीभित्र त सधैं सधैं नै बलौटे बगर छ ।
रातदिन हिउँ पर्ने हिमालमा पनि
बराबर घाम झुल्किरहन्छ
तर, हामीलाई मने हरदिन
कुहिराले डम्म ढाकेकै छ ।
साधनामा कमी छैन तर साधनमा तगारो छ
पेटभरी खान नपाए पनि वीरतामे पछ्याएकै छ
विद्वान्, वैज्ञानिक र इमान्दार यहाँ फाप्दैनन् रे
इतिहासले त्यस्तै देखाएको छ ।
हाम्रा दिन-दिन भरका अनमोल मिनेट र घण्टाहरू
मुस्केरा र गुनासामा, अनि—
स्वस्थ्य वातावरणका कमीले उब्जाइएका-
मानसिक दुर्बलता र व्यभिचारमा
हाम्रा हजारौं घण्टा—
हाम्रा जिन्दगीका महान्, महानतर र महानतम बेलाहरू
व्यर्थं व्यर्थमा बितिरहेछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आउने दिनहरूले सोध्लान् —
गएका दिनहरूमा के गऱ्यौ ?
हामी मनौंला—चिताका आगाले अधकल्चिएका
जिउँदा र मूर्धाका सँधियार
बिरामी कुरिरहेका लास हामी
आर्यघाटमा उपवास बसिरहेछौं;
प्रत्येक क्षणमा—आफूभित्र भएका प्रतिभाहरूलाई
आफूभित्र नै दागवत्ती दिंदै
सिनोका पछि लागेका हामी मलामी
इतिहासवाट असमयमा नै तुहिएका हामी
खरानी भइनसकेका मूर्धा हौं ।
भित्रभित्रै मक्मकिएर,
कुहिएर, सड्न लागेका हामी
अरूले गरेका प्रगतिका पानामात्र पल्टाउंदै
भोक भोकै मरिरहेछौं
मरी मरी बाँचिरहेछौं ।
बुद्धिका भण्डार र ठेकदार रे हामी
राष्ट्रनिर्माताका पनि निर्माता रे
देशका बरिष्ट बरदान रे हामी
देश हाम्रै काँधमा छ रे
भाषणभित्र त घुनघानै प्रशंसित
तर व्यवहारमा भने साह्रै नै उपेक्षित
हामी नोकर, चोकर र छोकरदेखि के हौं र ?
अनि हामी इमान्दारको हार लगाएका
ताबेदार र पहरादार हौं
दिनभर सिनो कुर्ने, टुकुचाका कर्णाधार हौं !
त्यसैले,
हामी—जिउँदाका उपहास हौं
मरेका लासका श्वास—प्रश्वास हौं
अनि मरी मरी बांचेका लास हौं
हामी जिउँदा लास हौं ।

□

CC-0. In Public Domain. Digitization by eGangotri

निषेध निर्णय

—अञ्जिला तुलाधर

वातावरण एक किसिमले चारैतिर मौन छ । रात संधै यसरी निष्तब्ध भएर पल्टिरहेको देख्दा मेरो मनमा सानो फूल फुल्छ । मेरो मौनता पनि यसरी निष्तब्ध भएर पोखिए पनि ठीक छ । सोच्छु मेरो निमित केही समयपछि कतै पनि अलमलिने ठाउँ समेत हुँदैन । अहिले नै कति ठाउँ छ र ? यही एउटा सिमित कोठा भन्दा बढी । यो कोठालाई पनि मैले बलजफतीनै साथी बनाएकी हूँ, बलजफतीनै बनाएकी, सायद यो भन्दा बढी अरू कुनै बाटो नै नभएर पनि हो की ! हुन सकछ यो मेरो बाध्यता पनि हो की । जसलाई मैले नस्वीकारी सुखै छैन । एउटा सानो कुचुच्च परेको कोठा तिनवटा अलि नमिल्दा खालका भयालहरू । एउटा टेबिल जसमा अटाइ नअटाइ किताप, कापीहरू पल्टिरहन्छन् र टेबिल मुनि दुइ चार सामानहरू । भयालमा हरियो पर्दा, ढोकाकी रातो पर्दा संधै सतर्क भएर उभिरहे जस्तो । पर्दाका रङ्गहरू पनि कति नमिल्दो खालको । त्यसलाई मिलाउनलाई म मा जाँगर छैन अर्थात् अर्को शब्दमा भन्ने हो भने पैसा छैन । पैसा नहुनु पनि एउटा श्राप हो । एउटा विडम्बना हो । बसो भनेर पैसालाई मैले महान पनि ठानेकी होइन । पैसा नभएर पनि कति मानिस सुखी भएको देखेकी छु । पैसा बिनानै कति लोग्ने स्वास्नीले आफनो घरलाई स्वर्ग बनाएको देखेकी छु । मानिस दुःखी भएपछि सबभन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले पैसालाई नै संझदो रहेछ । तर यस्तो लाग्छ मानिसलाई दुःखी पैसाले भन्दा परिस्थितिले बनाउँदो रहेछ । मलाई बस्तै भइरहेछ मैले परिस्थिति-लाई निल्न सकिन र परिस्थितिले मलाई चपाइरहेछ बिस्तारै बिस्तारै चपाइरहेछ ।

किन म यो भूमरीमा परें ? वास्तवमा मलाई थाहा नै थिएन विवाह भूमरी हो भन्ने । मानिसको पानी जस्तै फिका मनले बुझ्नै सकदोरहेनछ म जस्तै पिलिसएका स्वास्नी, बुहारी भनाउँदाहरूको मनलाई । कोही त नपिलिसइकनै बाँच्न जानेकाहरू छन् । किनभने उनीहरूलाई थाहा हुन्थ्यो भूमरीमा पस्नु भन्दा पहिले नै जाल बिछ्याउनु पर्छ भन्ने । र भूमरीमा आफू पर्न भन्दा अगाडि आफनो लोग्नेलाई जालमा पार्थ्यो । त्यसपछि उनीहरूको दाम्पत्य जीवन खलबलिने ? रातको निस्तब्ध वातावरणमा म यी नै कुराहरू सोच्थें आफनो मनलाई खलबलाउँथें—छटपटीन्थें र अन्तमा रुन्थें । रुनुको के अर्थ ? रूँदाखेरी कसैले फकाउनु पर्ने ? नफकाएपनि किन रोयौ भनेर सोध्नु पर्ने ? म मेरो लोग्नेको मृत्युमा त रोएकी हैन ? लोग्नेकै मृत्युमा रोएकी भए पनि सान्त्वना खोज्छु हुँला—मेरो लोग्ने त जिउँदै छ । उसले मलाई आफनो अंगालोमा लिएर फकाउनु पर्ने कुरा पनि सोच्नु पर्ने मेरो विवशता ! मेरो अन्तस्करणमा आगोको हुरी चल्छ । शरीर भरि पसिना पसिना निस्कन्छ—सारा ओछ्यान, तकिया पसिना र आँसुले भिज्छ । शरीर भरि कुनै तरल वस्तुनै नभए जस्तो भैदिन्छ । जीउ जम्मै खरर्‍हरू सुकेको जस्तै अनुभव गर्छु । शून्य वातावरणलाई उचालेर एकचोटि चिच्याई चिच्याई रोइ दिउँ जस्तो लागेर आउँछ । नियन्त्रणमा बेह्रिएर मनमनमा सोच्छु—कसरी रुने ? कसरी रुने ?? कसरी ??? सामाजिक प्रतिस्थाहरूले गुटमुटीएर छोप्छ मलाई । समाजले पनि के भन्ला म रोएँ भने । समाजले एकोहोरो भन्ने छ म रोएँ भने कि फलानाको लोग्नेत चुरोट खाँदैन, जाँड रक्सि खाँदैन, सुपारी

CC-0. In Public Domain. Digitization by eGangotri

समेत खाँदैन नचाहिने ठाउँमा एक पैसा खर्च गर्दैन । समयमा अफिस जान्छ, समयमा अफिसबाट घर फर्कन्छ । उसको स्वास्नीलाई किन् रुनु परेको हँ ? हो समाजको यहि भनाईलाई मैले पचाउन सकिन । म घाम जस्तै उनीहरू संग प्रस्ट भैदिन सकिन । यहि आपना कमजोरीलाई बारम्बार धिक्कार्छु । म उनीहरूलाई भनि दिन सक्तिन मेरो लोग्नेले मेरो अन्तर आत्मालाई लातै लाताले ठोकेर रुवाएको छ भनेर । पर्दा च्याटेर तथ्य कुरालाई म समाजको अगाडि राखि दिन सक्तिन । पढेको लोग्ने यी सम्पूर्ण गुणले सजिएको लोग्ने पाउँदा पनि मानिस सुखी खुशी नहुन सक्दोरहेछ । लाग्छ शान्ति भन्दा ठूलो कुरा अरू छैन । हामी सबैलाई शान्ति चाहिएको छ । मलाई पनि शान्ति चाहिएको छ ।

केहि महिनदेखि मेरो सोच्ने बानि अझै बढेको मलाई थाहा छ । म प्रसस्त सोच्ने गर्छु — हरेक कुरालाई सोच्ने गर्छु । यसरी सोच्ने गर्दा मेरो मनस्थिति कमजोर भएको अनुभव हुन्छ । कहिले कहिले मुटु पनि एक प्रकारले ढुक ढुक गर्छ । मुटुमा संधै बोझले थिचिए जस्तो हुने । शारीरीक र मानसिक दुइटै रोगलाई पालीरहेछु । यसरी कति दिन बाँच्न सकिने हो । प्रत्येक साँझ अर्थात् जब जब लोग्ने अफिसबाट फर्कन्छ र ऊ तल कोठामा बसेर खाजा खाइरहेको हुन्छ मलाई आफूले आत्महत्या गरिरहेको झैं लाग्दथ्यो । हरेक साँझ मेरो आत्महत्या भएको जस्तो लाग्छ । यो भन्दा पहिले आपनै कोठामा खाजा खान्थ्यो र यताउताका कुराहरू हुन्थ्यो—ती दिनहरू अहिले सपना भैसकेको छ, तैपनि म त्यो दिन फेरि फर्कला कि भन्ने आशाले पखिरहेकिछु । म पनि माथि बसेर बेस्वादको खाजा खान्थें । उ तलै बस्थ्यो र उनीहरूको कारोबारको हिसाब हुन्थ्यो र तलैबाट कतै निस्कनु परे निस्किहाल्यो । ठीक हो घर सपार्नलाई कारोबारको कुरा गनु पर्छ— लेनदेनको हिसाब हुनुपर्छ । बस् सिमित मात्रामा भए त कुरै थिएन । कसलाई थाहा मेरो लोग्नेले मलाई पहिले कुन तहमा राखेर अहिले यसरी

CC-0. In Public Domain. Digitization by eGangotri

फालिएको छ भनेर । कसले देख्ने यी सब कुरा । घर घरका, भयाल भयालका मान्छेलाई त यति थाहा छ समयमा घर फर्कन्छ । बस् । घर फर्किसकेपछिको व्यवहार कसलाई थाहा ? च्याट्युट पारेर कहालिन मनलाग्छ । यो पनि सम्भव भएन । मैले यति गरेपछि त कुरै अर्के भैहाल्यो । उसलाई सारा जिन्दगीभर उसको परिवार चाहिएको छ वा म चाहिएको छ ? नोकरको निमित स्वास्नी भनाएर विवाह गरेको हो की ? तर स्वास्नी र नोकर कसरी उहि तहमा बस्न सक्छ । काम व्यवहारमा नोकर भएर पनि म समाजमा उसको स्वास्नी ! स्वास्नी शब्द पनि घृणा लाग्न थालिसक्यो — के को स्वास्नी रातभरी एउटै ओछ्यानमा बेग्ला बेग्लै सिरानी सुत्नुको स्वास्नी हो त ? त्यो त्यतिको मात्र स्वास्नी ।

दिनभरी त उ व्यस्त भयो भयो, बेलुकाको कुरा आँउछ । बेलुकाको समय त मेरो निमित हुनुपर्थ्यो कि । त्यो पनि छैन । पहिले त उ बेलुकाको खाना खाइसकेपछिकोठामा गएर मेरो प्रतिक्षा गर्थ्यो । प्रतिक्षाको कुरा अब छैन । खाना खाइसकेर ओर्लेपछि बिर्सेर पनि उ कोठाभित्र पस्दैन र सरासर तल कोठामानै जान्थ्यो । त्यहाँ उनीहरू दाजुभाइहरूको जमघट हुन्थ्यो र निकै बेर सम्म चर्चा परिचर्चाहरू भैरहन्थ्यो । भान्छाको काम सकेर एउटा मूर्दा जस्तै भएर म मन नलागि नलागि कोठातिर आउँथें । आँङ सिरिङ्ग हुन्थ्यो, शरीर भरी काँडा उम्रन्थ्यो र आँखा अनायासै रसाँउथ्यो तैपनि मनया एउटा आश हुन्थ्यो आज त खाटमा पल्टिरहेको होला कि ! बिस्तारै पर्दा हटाउँछु । ठाउँ रितो देख्छु । हात खुट्टा फटक्क गलेर म त्यहि नजिकै बसिदिन्छु । भित्ताहरू, भयाल ढोकाहरू, झुण्ड्याइएका पर्दाहरू, छरिएका माल सामानहरू सबै सबैलेनै खिसी गरे जस्तो भान हुन्थ्यो । यो गुम्सिएको कोठा छोडेर कतै गएर एकछिन बस्न पाए पनि हुन्थ्यो तर मन भएर के गरूँ ? खाटमा पल्टन्छु — जिउ अलिकति हलुङ्गो भए जस्तो हुन्छ । निकै बेर सम्म पल्टिरहन्छु- भरेङ्गको आवत जावत सुनिरहन्छु तल माथि—तल माथि । तर मेरो कोठातिर कोहि आउँदैन—कोहि

CC-0. In Public Domain. Digitization by eGangotri

आउनु त के कुरा कसैको ध्यान समेट जाँदैन । कहिले कहिले काम विशेषले ऊ कोठाभित्र पस्छ मेरो मन झसङ्ग हुन्छ । मतिर एकचोटि पुलुक्क हेर्छ र फूलो ऐना अगाडि गएर एकचोटि कपाल कोर्न चाहि बिसँदैनथ्यो र केलिन पर्ने हो कि राख्नु पर्ने हो राखेर गैहाल्छ । एक बचन बोल्दैन । मसंग बोल्ने शब्दहरू पनि भाइहरूलाई सापट दिएछ क्यारे । हैनभने किन बोल्न नसकेको । ऊ लाटो त भैसकेको छैन, मलाई विश्वास छ । मलाई पूरा विश्वास छ । र ऊ यसरी कोठाबाट बाहिरेपछि मेरो आँखाबाट अनायासै आँसु झर्थ्यो । टप—टप—टप क्रमसः आंसुका थोपाहरू झरिरहन्थ्यो । तकियाको खोल भिजेर गालामा चिसो अनुभव नभए सम्म रोइरहन्थें र त्यसपछि तकियालाई काखी च्यापेर कोल्टे फर्कन्थें । कति बेर पछि म भुसुक्क निदाउँथें हूँला म बिउँझदा वातावरण शान्त भैसकेको हुन्थ्यो । कतै पर रेडियोको मधुरो स्वर सुनिन्थ्यो । चारैतिर निष्तब्धता छाइसकेको हुन्थ्यो तैपनि म निदाएकै बहाना गरेर भित्ता फर्केर बसिरहन्थे । यसरी बसेको निकै समयपछि उ माथि उकलन्थ्यो र कोठामा एकछिन अलमल गरेर खाटतिर आउँथ्यो । "अलि पर जा" भन्दै ऊ झर्किन्थ्यो मानौं मसंग नजिकै बस्न चाहेको छैन । उसको झर्किलो स्वर सुन्ने बितिकै म तरङ्ग हुन्थें । आँखा एकदम ढोका जस्तै उघ्रन्थ्यो । म ठाउँ छोडेर अलिपर गइदिन्थें र ऊ भिता फर्केर सुतिहाल्थ्यो । म ननिदाएर छटपटाउन थाल्थें ।

आजभोलि एउटा निर्णय लिएर बसेकी छु—जति सक्छु सहन्छु—सहन्छु, चुपचाप सहन्छु—त्यसपछि सहन नसक्ने अवस्था आइ परेमा म उसलाई छोडेर जान्छु । म छोडेर जान्छु, जान सक्छु—पक्का पनि जान सक्छु एउटा निषेध निर्णय लिएर बसेकी छु । मलाई थाहा छ—यो मेरो निर्णय निषेध हुनेछ । समाजको निमित पनि यो खल्लो हुनेछ । तैपनि म डर मान्दिन । म जान सक्छु—म छोडन सक्छु ! अहिलेको वातावरणले मलाई यस्तो बनाइसक्यो । कहाँ सम्मको अन्याय त यो ? स्वास्नीले लोग्नेलाई

CC-0. In Public Domain. Digitization by eGangotri

भन् पर्ने कुरालाई भन्न आठ दस दिन पर्खनु पथ्यो । उसले के भन्यानेको होला त मेरो मनलाई । सायय दुङ्गा थानेको हो की । दुङ्गाने भए पनि फुट्न सक्छ, चुर्न हुनसक्छ । के गर्ने आफूले सोचें जस्तो नभएपछि । मानिसहरू भन्छन् स्वास्नीमानिसको निमित सौता जस्तो ठूलो शत्रु अरू कोहि हुनेछैन । मैले सौता त पाइन तर सौताको व्यवहारलाई भने भोगें धेरै धेरै नजिबाट भोगें । उसका आफन्तहरू ने मेरो निमित सौता भइ दिए । उनीहरूका व्यवहारले मलाई बन्चरोले जस्तै हानिरहेछ । म टुका टुका भइरहें । मेरो भविष्यको निर्णायक यहि निषेध निर्णय हुनेछ । मलाई थाहा छ मेरो निर्णय कसैलाई मनपर्ने छैन । म एक्लै उनीहरू सबलाई छोडेर जाने निर्णय देखि उनीहरू खुशी हुनेछैन । मेरो लोग्नेलाई लिएर पनि मलाई जानदिने होइन । तर म जाँदै गर्दा अन्तमा उसलाई इच्छा लागे ऊ पनि आउने छ । □

लघु कथा

यथार्थ वास्तविकता

—ध्रुव पन्थिकाजी

एउटा शहर । शहरको एउटा सडक । सडकको एउटा बजार पसलहरू । फूटपाथ । र पेटी !

पसलवाट ओलिन्छन्, बाबु आमा र सन्तान ! एउटा एउटा वस्तु च्यापेर ! आंखाहरू स्थिर छैनन् । चारैतिर दुब्दै फिर्दै छन् !

सडकभरि पोखिएका छन् कथाहरू

एउटै छातीमा पनि कति अन्तरहरू ?

निथुक्क नाङ्गा आकारहरू पल्टिरहेका छन् । भोकले बेहाल स्वरहरू गुन्जिरहेछन् ! यो देखेर छोरोले घचघच्याउन्छ, खोइ त बा, कहां छ परीको संसार ?

बाबु र आमा हिड्डा हिड्डै आश्चर्यचकित भएर टक्क रोकिन्छन्, सडकमै ! ✳

CC-0. In Public Domain. Digitization by eGangotri

दुई पराजय

—विश्व विमोहन श्रेष्ठ

पराजय नं० १

सतह सतहमा फेलेको छ
कोशीको सतह सतहमा घाम
उ पल्लो किनारमा
वाटुलो सूर्य छ, आगो ओकली रहेको
हजार हजार युद्ध हारेर
लाख लाख दाह संस्कार पछि
दुवै हात आकाशलाई चढाएर
शीर झुकाएर गौतम वुद्ध
समर्पण—
आत्मा समर्पण हो संभवत
आज वच्दा वच्दै डुवेको छ

—गुलाफ

गुलाफ—पत्रै पत्र भएर फाटेको छ
गुलाफ—अनन्त अनन्तमा हराएको छ
[शुँक्क, शुँक्क....अझै रूँदैछ गौतम वुद्ध]
गुलाफ—आज वारूद वन्दैछ
गुलाफ—आज टयाङ्क र एटम वन्दैछ
गुलाफ- आपनै वरिपरी
यते कतै पड्कदैछ।

CC-0. In Public Domain. Digitization by eGangotri

पराजय नं० २

'क' ले टिप्पणी गऱ्यो
"कम मान्छेले मेला भरे
यस साल वराहक्षेत्रको"
'ख' ले लगत्तै जवाफ दियो
"समय वदलिदो छ,
आस्थाहरूमा वाछिटा परे क्यार
विश्वासहरू धर्मराएछन्
मान्यता फेरिंदो छ....."
"मान्छे न हो:
उ सन्केको छ"—
'क' ले अगाडि थप्यो
'ख' ले भन्दै थियो—
"रामेले छोरो मागेको
विचरा ! निसन्तान परेछ,
अकाल नहोस भनि भाकल गरेको
कोशीले वस्ती सबै वगाएछ"
"त्यो मात्रै एउटा भ्रम
सत्य त ढुंगा न हो ।....."
विज्ञानले निर्णय गरेछ।

□

CC-0. In Public Domain. Digitization by eGangotri

"ई. एस. पी. र मनोविज्ञान"
-एक चिनारी

कृष्ण प्रसाद भण्डारी

परा—संवेदनात्मक प्रत्यक्षीकरण (एवसट्रा—सेन्सरी परसेप्सन, ई० एस० पी०) परा—मनोविज्ञान (पैरा—साइकोलोजी) नामक नयाँ एवं क्रान्तिकारी मनोविज्ञान जसको जन्म बिसौं शताब्दीको प्रारम्भमा भएको हो, को विषय—वस्तु हो। ई० एस० पी० को नामले नै स्पष्ट हुन्छ कि यस्तो प्रत्यक्षीकरणमा कुनै पनि संवेदनात्मक आधार चाहिदैन। सन् १९३० देखिन् सन् १९४० का बीचको यस सम्बन्धमा देखिएको संवेदना बिनाको प्रत्यक्षीकरणको धारणाले त्यस समयको (तथा कतिपय अहिले सम्म पनि) सामान्य व्यक्ति तथा वैज्ञानिकहरू लाई चकित तुल्यायो र यस भौतिक संसारको वैज्ञानिक जग लाई कम्पित समेत पार्न पुग्यो। वास्तवमा, ई० एस० पी० को तथ्यहरूमा विश्वास गर्ने हो भने विज्ञान जगत्को जरो नै हेल्लिन्छ किनकि ई० एस० पी० का क्षेत्रमा प्रयोगात्मक

CC-0. In Public Domain. Digitization by eGangotri

(अनुसंधनात्मक) अध्ययन गर्ने विद्वानहरूले यो दावा गरेका छन् कि बिना शारीरिक माध्यम (ज्ञानेन्द्रियहरू) एवं भौतिक आधार (उत्तेजना) कै पनि कुनै व्यक्तिले थाहा पाउँन सक्दछकि अर्को व्यक्तिले के सोचिरहेको छ वा के विचारी रहेको छ वा के अनुभव गरिरहेको छ; अरूको चिन्तन एवं विचारहरू जानेर आफ्नो चिन्तनएवं विचारहरू अरूको मनमा पुऱ्याउँन सकिन्छ; अनि हजारौं माइल टाढा र सैयौं वर्ष पुरानो तथा सैयौं वर्ष पछिको (भावी) कुराहरू बताउँन सकिन्छ अर्थात् बिना भौतिक माध्यम (भाषा संकेत) आदिको प्रयोगले नै अरूको मनको कुरा जान्न तथा बिना ज्ञानेन्द्रिय (आँखा) को मद्दतले कुनै वस्तु वा घटनालाई हेर्न सकिन्छ । परा—मनोवैज्ञानिकहरूका अनुसार अरूको विचार थाहा पाउँनु (जान्नु) मनको अध्ययन (माईन्ड रिडिङ्ग), अरूसंग भौतिक साधन बिनै विचारहरूको आदान प्रदान गर्नु मानसिक संक्रमण (दूरबोध, टेलिपेथी), बिना कुनै ज्ञानेन्द्रियको प्रयोग ले घटना—विशेषको ज्ञान प्राप्त गर्नु अतिन्द्रिय दृष्टि (थिरै इन्द्रिय दृष्टि), तथा यो जान्ने योग्यता कि भविष्यमा कुनै घटना कुन रूपमा देखा पर्ला पूर्व—ज्ञान (प्रि—कगनिशन) भनिन्छ । यी सबै परा—मनोविज्ञानको मुख्य अध्ययन विषय हुन् । यसका अतिरिक्त मनोगति (साइकोकाइनेसिस) पनि परा—मनोविज्ञानकै अध्ययन विषय हो ।

यस किसिमको प्रत्यक्षीकरण के संभव हुन सक्दछ भन्ने सम्बन्धमा विसौं शताब्दीको मध्य सम्मको यस विषयमा भएको अध्ययन एवं प्रगति लाई निहालेर हेर्दा ज्यादै थोर मनोवैज्ञानिकहरू ई० एस० पी० सम्भव छ भन्ने कुरोमा सहमत देखिएका थिए । ई० एस० पी० संभव छ वा छैन भन्ने विषयमा केही प्रमुख मनोवैज्ञानिकहरूको मत जान्ने प्रयास सन् २९५२ मा भएको पाईन्छ । त्यस मतदानमा दस प्रतिशत मनोवैज्ञानिकहरूले ई० एस० पी० लाई असंभव माने । अत्यधिक बहुमत (७३ /.) ले यसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

टाढाको संभावना (दूरगामी) अर्थात् अज्ञात भने । ३'/. भन्दा पनि कमै मनोवैज्ञानिकहरूले ई० एस० पी० लाई 'स्थापित सत्य' स्वीकार गरे। यद्यपि यस मतदानमा निश्चित मत ज्यादै कम छ अनिश्चित ज्यादै धेर छ तर पनि बिसौं शताब्दीको मध्यतिर यस विषयमा ज्यादै धेर संख्यामा प्रयोगहरू हुन थाले र लेख निबन्धहरू 'जर्नल अफ पैरा—साइकोलोजी' नामक पत्रिकाको माध्यमले प्रकाशित हुन थाले । यसै प्रकारले परा—मनोविज्ञानको विषय वस्तु ई० एस० पी० का संदर्भमा बिसौं शताब्दीको मध्य देखिन सन् १९७५ सम्ममा प्रशस्त प्रयोगात्मक एवं शोधकार्यहरू भए, जसको परिणाम स्वरूप वर्तमान समयमा परा—मनोविज्ञानका समर्थकहरूले दावा गर्न थालेका छन कि परा—मनोविज्ञानको विषय-वस्तु सम्बन्धी योग्यताहरूको संभावना हुन्छ, यस्तो वास्तवमै हुन्छ र यसलाई प्राप्त गर्न पनि सकिन्छ । यस विषयका मनोवैज्ञानिकहरूले आफ्नो भनाईको पुष्टिको निमित्त अनेकौं प्रमाण उपस्थित गर्ने प्रयास गरेका छन् र यो देखाउँने चेष्टा गरेका छन कि कुनै पनि ज्ञानेन्द्रियहरू विना नै वस्तुहरूको ज्ञान हुन्छ वा गर्न सकिन्छ ।

ई० एस० पी० को प्रयोग —ई० एस० पी० को प्रयोगात्मक अध्ययन केनेडी (१९३९) एवं ड्यूक विश्वविद्यालयका प्रोफेसर जे० बी० राइन तथा अन्यले २५ वटा कार्डहरू बनाएर बेग्ला—बेग्लै गरेको पाईन्छ । यी कार्डहरूलाई ई० एस० पी० कार्ड पनि भनिन्छ । पाँच—पाँच काडहरूको पाँच वटा समूह हुन्छ र प्रत्येक समूहको कार्डहरूमा एक बिशेष किसिम को चिह्नहरू लगाईएको हुन्छ [जस्तै,– तारा (स्टार), वृत्त (सर्कल), चतुर्भुज (स्क्वेअर), क्रास र लहरदार रेखाहरू] । यी सबै कार्डहरूलाई फेटिन्छ र कुनै कार्डको बारेमा अनुमान गर्न लगाइन्छ । यो अनुमान गर्दा पात्र एवं प्रयोग-कर्ता एक अर्को तर्फ पिठ्यू (पिठिऊ) पारी बस्दछन् । त्यस पछि एउटाले एउटा कार्ड खोल्दछ तब अर्को व्यक्तिले ई० एस० पी० को योग्यता द्वारा

CC-0. In Public Domain. Digitization by eGangotri

कार्डलाई जान्ने चेष्टा गनुं पर्दछ र त्यही कार्ड खोल्ने (निकाल्ने) प्रयत्न गनुं पर्दछ । यस किसिमको प्रयोग धेरै पल्ट गरे पछि यो रेखा पऱ्यो कि दोस्रो व्यक्ति (ई० एस० पी० योग्यता भएको) व्यक्तिले यति धेर पल्ट नहेरिकन नै पहिलो व्यक्ति (सोच्ने व्यक्ति) भैं कार्ड खोले जसलाई मात्र आकस्मिक भन्न सकिदैन्थ्यों । यस किसिमको प्रयोग दुवै व्यक्तिहरूलाई एकै कोठामा बसालेर तथा बेग्ला बेग्लै कोठा मा समेत बसालेर पनि गरियो । यिनै प्रयोगहरू द्वारा परा-मनोवैज्ञानिकहरूले यो दावा गरेका छन कि केही व्यक्तिहरूले ज्ञानेन्द्रियको सहायता विनै धेरै शुद्ध कार्डहरू बताउँने योग्यता राख्दछन् र यस्तो योग्यता सधैं प्रदर्शित पनि गर्दछन् । यिनीहरूका अनुसार यस्तो योग्यता केही व्यक्तिहरूमा मात्र देखा पर्दछ र हरेक समय एउटै मात्रामा देखिदैन् ।

ई० एस० पी० को योग्यताको प्रमाण सिद्ध गर्नका लागि बिसौं शताब्दी को मध्य देखिन वर्त्तमान समय सम्ममा सैयौं प्रयोग एवं प्रयासहरू भै सकेको देखिन्छ । यद्यपि, वैज्ञानिक तथा कतिपय मनोवैज्ञानिकहरू समेत ई० एस० पी० का समर्थकहरूको दावाहरू (आधारहरू) मा विश्वास गर्न तयार छैनन् । बितेका केही वर्ष भित्रका अनेकौं सुनियन्त्रित प्रयोगहरूले ई० एस० पी० को स्पष्ट खण्डन हुन गएको पाइन्छ । यस भौतिकवादी संसारमा प्रत्येक कुरा वा घटनाको लागि आधार (कारण) खोजिन्छ तर ई० एस० पी० को समर्थकहरूको दावाहरू लाई ठीक मान्ने हो भने आजको वैज्ञानिक तथ्यहरूको जरो नै उखेलिने देखिन्छ । वास्तवमा, ई० एस० पी० को प्रयोगहरूलाई निहालेर हेर्दा यसका जम्मै कार्डहरू फेटेर कुनै एउटा कार्डका बारेमा अनुमान गर्न भनिन्छ भने यी पचीस कार्डहरू मध्ये कुनै एउटाको बारेमा कुनै व्यक्तिले बिना ई० एस० पी० को योग्यताले नै अनुमान गर्न सक्दछ कि त्यस कार्डमा कुन चिह्न छ र यस अनुमान गराईमा ऊ बीस प्रतिशत ठीक हुने संभावना पनि हुन्छ किन कि प्रत्येक चिह्नको कार्डहरू पाँच-पाँच वटा छन् । केण्डलर (१९७४)

CC-0. In Public Domain. Digitization by eGangotri

ले त यस सम्बन्धमा पूर्ण-विश्वासका साथ ठोकुवा गर्दै लेखेका समेत छन कि ई० एस० पी० को कार्ड सम्बन्धी प्रयोगहरूमा सफलताको आधारमा जति ई० एस० पी० को योग्यतालाई स्वीकारिएको छ त्यति सफलता त मात्र संजोगले गर्दा पनि देखा पर्न सक्दछ । यदि यस तर्कलाई मान्ने हो भने तब हाम्रो सामुने प्रश्न यो उठ्दछ कि त्यसो भए सांख्यिकीय सभावनाहरू भन्दा धेरै सफलता यस सम्बन्धमा प्राप्त हुने के कारण हुन सक्दछ ? ई० एस० पी० को आलोचकहरूले यस प्रश्नको उत्तरमा एउटा तर्क यो दिएका छन कि यी प्रयोगहरूमा क्लेभर हन्स (बाठो हन्स) जो एउटा घोडा थियो कै समान पात्रलाई अर्का पात्र (प्रयोगकर्त्ता) द्वारा वा प्रयोगात्मक परिस्थिति द्वारा केही संवेदनात्मक संकेत प्राप्त हुन्छ जसले गर्दा पात्रको सफलतामा वृद्धि हुन्छ । यो घोडाले मालिकले गरेको ज्यादै सूक्ष्म, गहन एवं अप्रकट संकेतहरू द्वारा ज्यादै बुद्धिपूर्ण कार्य गर्दथ्यो । यो घोडामा ज्यादै धेर संवेगात्मक योग्यता थियो, जटिल कार्य सुल्झाउँने । यो घोड़ाले आफ्नो हूफको मद्दतले जोड गर्न, घटाउँन, पढ्न, स्पेलिङ्ग तथा संगीतको लय आदि चिन्न समेत बुद्धि राख्दथ्यो । यस सम्बन्धमा तीस जना व्यक्तिहरूले परीक्षा गरेर कुनै विशिष्ट संकेत नभएको स्पष्ट पाए । अतः सांख्यिकिय संभावनाहरू भन्दा धेरै सफलता ई० एस० पी० को प्रयोग मा प्राप्त हुनुले नै यसको अस्तित्व कायम गरेको मान्न अलि ठीक देखिदैन् ।

ई० एस० पी० का सम्बन्धमा अमेरिकाको ड्यूक विश्वविद्यालयको प्रयोगशालामा प्रोफेसर जे० बी० राइन र डा० बेट्टी एम० हमफेरले अनेकौं प्रयोगहरूद्वारा पूर्व-ज्ञानका विषयमा प्रमाण एकत्रित पारेका थिए । यस सम्बन्धमा डा० आर० एच० थाउलेस तथा डा० रबर्ट ए० म्याकोनेलको प्रयोगात्मक अध्ययनले पनि यसको पुष्टि गर्दछ । डा० कारलिस ओसिसले आफ्नो प्रयोगात्मक अध्ययनमा ई० एस० पी० को योग्यता विशालोहरूमा

CC-0. In Public Domain. Digitization by eGangotri

पनि पाए। प्रोफेसर एच० एच० प्राइसको प्रयोगात्मक अध्ययनले पनि ई० एस० पी० को प्रमाणमा बल पुऱ्याउँदछ। इनका अनुसार ई० एस० पी० को दुई वटा अवस्था हुन्छ। पहिलोमा अचेतन स्तरमा केही जानकारी प्राप्त गरिन्छ र त्यस पछि उक्त जानकारी कुनै न कुनै किसिमले व्यक्तिको चेतनामा उपस्थित हुन्छ। यसभन्दा पहिले यसको कुनै अर्थ हुँदैन परन्तु यस वेला व्यक्तिले यसको उत्पत्ति भएको थाहा नै पाउँदैन। प्राइसका अनुसार लगभग सबै व्यक्तिहरूमा यस्तो किसिमको ई० एस० पी० कुनै न कुनै वेला देखा पर्दछ। ई० एस० पी० का सम्बन्धमा हनसेल (१९६६) को प्रयोगात्मक अध्ययन पनि महत्वपूर्ण छ जसले यसको प्रमाण सिद्ध गर्नमा सहयोग पुऱ्याएको छ। आफ्नो अध्ययनका आधारमा विनको मत यो छ कि ई० एस० पी० का प्रयोगहरूमा जति धेर कठोरतापूर्वक जाँचहरू भएको छ त्यस्तो जाँच मनोविज्ञानको अन्य कुनै विषय मा भएको पाइदैन। तर ई० एस० पी० को प्रयोगका सम्बन्धमा गिर्डन (१९६२) को मतानुसार शुरूमा कार्ड अनुमानको सफलता धेरै बताइएको थियो तर यसको प्रयोगलाई जसै-जसै दोष मुक्त पारिदै गईयो त्यसै-त्यसै यसको प्रयोगको सफलता-प्रासांक निम्न (कम) हुँदै गएको देखा पर्न थालेको छ। मर्फी (१९५८) र चर्चम्यान (१९६६) का अनुसार ई० एस० पी० को योग्यता प्रमाणित गर्ने प्रयोगहरुको विश्वसनीयता यति थोरै छ कि जुआमा समेत पनि यस द्वारा कुनै लाभ देखिदैन। ग्रियर एवं टिमेनस्की (१९७१) का अनुसार, यदि लुकेका (अदृश्य) वस्तुलाई ज्ञानेन्द्रियहरुको सहयोग विनै हेर्न सकिने भए ई० एस० पी० को योग्यता भएको व्यक्तिले जुआमा कहिले न हार्नु पर्ने हो तर यस क्षेत्र (जुआ) मा विनीहरुको सफलता ज्यादै कम देखिन्छ।

वर्त्तमान समयमा यसको प्रमाणका सम्बन्धमा व्यापक प्रयोगहरु भैरहेको भए तापनि वैज्ञानिक दृष्टिकोणले ई० एस० पी० को प्रयोगहरुमा कुनै प्रमाणित प्रयोगात्मक अभिकल्प देखिदैन जसलाई वैज्ञानिक विधिद्वारा

CC-0. In Public Domain. Digitization by eGangotri

बारम्बार दोहोऱ्याउँन सकियोस र प्रत्येक व्यक्तिमा यसको प्रयोग गर्न सकियोस । अतः यो ई० एस० पी० को ज्यादै ठूलो दोष हो । यहाँ एउटा कुरो विचारणीय के छ भने जुन विद्वानहरुले ई० एस० पी० का विषयमा प्रमाण एकत्रित गरेका छन् उनीहरुले कहिलै पनि विरोधमा प्रमाण एकत्रित पारेको पाइदैन । यसलाई एउटा सामान्य उदाहरण द्वारा स्पष्ट हेर्न सकिन्छ । मानि लिऊँकि एकै रात एक समय व्यक्तिहरुले सपनामा आ आफ्नो पिताको मृत्यु भएको देखे । संजोगवश कुनै एक व्यक्तिको पिताको वास्तवमै मृत्यु भयो । त्यसो भए के यस आधारमा यो सही मान्ने कि उक्त व्यक्तिलाई पूर्व—ज्ञान भयो ? तर, वास्तवमा, यस्तो होइन् किनकि एक समयमा एउटा सपना सत्य हुदाँ यसको प्रचार त धेरै हुन्छ किन्तु के ९९% गलत भएका सपनाको पनि कसैले प्रचार गरेको पाईन्छ ? वास्तवमा यस्तो पाइदैन् । यस्तो उदाहरण हामी हाम्रो दैनिक जीवनमा हेर्न पाउँदछौं । ठीक यस्तै स्थिति ई० एस० पी० को प्रयोगहरुमा पनि हेर्न पाईन्छ । ई० एस० पी० को प्रयोगहरुमा पनि अनुकूल प्रमाणहरुको मूल्यांकन गरिन्छ र प्रचार हुन्छ तर प्रतिकूल प्रमाणहरुको कुनै मूल्यांकन एवं प्रचार देखिदैन । यस सम्बन्धमा विचारणीय अर्को एउटा कुरो के छ भने ई० एस० पी० को योग्यता तिनै व्यक्तिहरुमा देखा पर्दछ जसले यसमा विश्वास गरेको पाईन्छ तर यसका विरोधीहरु माथि गरेको प्रयोगमा भने यो कुराहरु देखा पर्दैन् । अतः यो वैज्ञानिक तथ्यमा आधारित देखिदैन् किनकि वैज्ञानिक तथ्यहरू त कुनै पनि प्रयोगमा स्पष्ट रुपले प्रकट हुन्छ भन्ने यसका आलोचकहरुको भनाई छ ।

तथापि, बितेका केही वर्ष यता ई० एस० पी० का प्रति वैज्ञानिक (विशेष गरी मनोवैज्ञानिक) समुदायको विरोध केही कम हुन थालेको छ र ई० एस० पी० को क्षेत्रमा अहिले सम्म प्रतिकूल प्रभाव देखिए तापनि अब (करिब पन्द्र वर्ष यता) यसलाई कतै—कतै मान्यता दिन थालिएका

CC-0. In Public Domain. Digitization by eGangotri

देखा पनं थालेको छ । ई० एस० पि० र यस संग सम्बन्धित धारणाहरुका सम्बन्धमा प्रयोगात्मक अध्ययन तथा शोध कार्य गर्ने व्यक्तिहरुले अमेरिकामा एउटा 'पारा-साइकोलोजिकल एशोसिएसन' को स्थापना गरेको पाईन्छ । यस एशोएसिसनलाई 'अमेरिकन एशोसिएसन फर द एडभान्समेन्ट अफ साईन्स' ले समेत मान्यता दिएको छ । अमेरिकाको "नेशनल इन्स्टीच्यूट अफ मेन्टल हेल्थ" नामक मानसिक स्वास्थ्य—संस्थान ले ई० एस० पी० सम्बन्धी मनोवैज्ञानिक अनुसन्धानहरुको प्रगतिको लागि दुईवटा ठूलो ठुलो अनुदानपनि दिएको छ । एउटा अनुसंधान डा मन्टचागू अलम्यानको नेतृत्वमा निन्द्रावस्थामा ई० एस० पी० को संभावनाहरुका सम्बन्धमा र अर्को अनुसंधान वैंडे (१९७३) को नेतृत्वमा मेशिन द्वारा ई० एस० पी० सिकाइने सम्बन्धमा कार्यहरु भै रहेका छन् ।

डेभेस (१९७५) को विचारमा ई० एस० पी० का सम्बन्धमा अनुसंधनात्मक कार्यहरु अवश्य नै गरिनु पर्ने हो किन कि यस्तो गरेमा यस सम्बन्धमा यसका समर्थकहरुको दावा कतिमात्रा मा ठीक छ, कति बेठीक सो स्पष्ट हुन जान्छ । बरलिन (१९७२) का अनुसार यस विषयमा कुनैठोस प्रमाण एकत्रित भएको छैन, अतः यस सम्बन्धमा ठोस प्रमाणको जरुरत देखिन्छ । यस सम्बन्धमा सबै कुराहरुलाई विचार्दै यो निष्कर्ष निकालेर डेभिडस एवं एन्जेन (१९७३) ले लेखेकाछन् कि यो विषय अत्यन्त जटिल देखिन्छ, अतः यस विषयमा विशेष अनुसंधानहरु गन सकिने स्पष्ट देखिन्छ । वास्तवमा, यसले वर्तमान वैज्ञानिक युगका सामान्य व्यक्तिमा कौतुहल एवं जिज्ञासा जगाएको देखिन्छ । अतः यस सम्बन्धमा अत्याधुनिक वैज्ञानिक विधिद्वारा यसका प्रमाण सम्बन्धी शोध—कार्य हुनु नितान्त आवश्यक देखिन्छ ।

संदर्भ ग्रन्थहरु—

१) इण्ट्रोडक्सन टु साइकोलोजी—मन तथा अन्य
२) " " " —सि० टी० मर्गन
३) हिट्री अफ साइकोलोजी —डा० रामनाथ शर्मा
४) " " " —डा० सीताराम जायसवाल
५) सामान्य मनोविज्ञान: विषय र व्याख्या—अजीमुर्रहमान
६) पैरा— साइकोलोजी—बी० एल० आप्रेय

CC-0. In Public Domain. Digitization by eGangotri

चिलाई रहन्छ

-कणाद महर्षि

पात खस्दै गइरहेको हुन्छ
पूर्ववत नाङ्गो यातना ओढाएर
वर्षादीको काम गर्दैन तमाम हरियाबाट सुक्न पुगेका रुखहरुलाई
हावा चलेको थियो
सुनसान जङ्गलमा चमत्कार भइरहेको थियो
कृत्रिम ढलानमा मन्दिर जस्तै अस्वाभविक भवन उठाउने जालसाजी भइरहेको थियो
यस्तै पुतली र खेलौनाको खेल—निर्माणमा
सामाग्री र समय निखिरहेको थियो
टिप्पणिको बन्द घेरामा गिदि अल्झि रहेको थियो
टेबिल माथि आँखा र घर्राभित्र ध्यानहरु—अन्तर्ध्यान भइरहन्थे
कूसिहरु आवादी नभएका पर्ती जस्तै घना बाँझो अनुभव हुन्थे
त्यो एकलासे ताडनाको अस्थिरतामा
विकट परिस्थिति सामेल भयो
जिज्ञासा नराख्दै पति पत्नि बीचको घनिष्टतालाई
आगामी सन्ततीको भावी—नरककुण्ड नदेखाउदै
पल पलमा दिन संझन थाल्यौं
गते हेर्न थाल्यौ । संतोष नभएर तनावमा क्यालेण्डर पल्टाउन थाल्यौं
यद्यपि कालेण्डरको पाना सकियो
समय पल्टिएन
परिस्थितिको हरामी नियतमा हामी कायल भयौं

CC-0. In Public Domain. Digitization by eGangotri

सुकेलुतो भनेजस्तो शरीर संधै चिलाइ रहन्छ
कन्याइ हेऱ्यो हातमा । संचो हुँदैन
गोडामा । संचो हुदैन
कन्याइ हेऱ्यो कपालमा । संचो हुँदैन
खोस्रि हेऱ्यो गाउ—वस्तीमा बुझिदैन । हाट बजार, मेलामा पाइदैन
तनाव तनावमा पाकेर भाँतारिदै
एकान्तमा भीड हुन्छ । भीडमा शून्य हुन्छ र चिलाइ रहन्छ
शहर मन्दिर सभा, कतै पत्तो मिल्दैन—
लुतोको रहस्य । लुतोको संचार—
र थाहा हुदैन कसरी गासिएको छ लुतोको सम्बन्ध
त्यसोभनेर आवेगमा
लुतोको छद्म आक्रमणलाई
अनिश्चित किटाणुहरुको संगठन भनेको होइन
उद्योग भनेको होइन । र स्वचालीत यन्त्र भनेको होइन
समय—वेमौकामा लागिदिने कालगतिको निमोनिया
टाइफाएड, इन्सेफलाइटिस
अथवा कमलपित्त पनि हुन सक्छ
भने जस्तो
चिकित्सकको परीक्षणमा खुट्याइएको
यो कुनै रोग हुन नसक्ला
तर आफू आफूमा खुट्याइएर पनि खुट्याउन गाह्रो परेको रोग चाँहि हो
वड़ो अप्ठेरो परेको छ
मानिसलाई चिलाउन छोडेको होइन
यो रोगले देशलाई वहुलाह वनाउला है
पात पात खसेर
रुखहरुमा खटीरा उब्जेला है ।

CC-0. In Public Domain. Digitization by eGangotri

..... म मान्छेलाई मायाँ गर्छु

इन्दिरा प्रसाईं

केही लेख्न मन तुल्बुलाइरहेछ । यसो भनुं लेख्नु भन्दा पर त्यसका पनि कतिपय मान्यताहरू हुन्छन् । तर मलाई विश्वाश छ यहाँ लेखाइको कदर हुन्न । तर म कदरको लागि लेख्दिन, शान्तीको लागि लेख्छु । मेरो लेखाइमा मेरै स्वार्थ छ । म आफनो मन स्थिर गराउनका लागि लेख्छु । तात्पर्य यो हो की मेरो मन आज अनाधिकार भन्दा पर अस्थिर भएर गइरहेछ । यस्तो किन हुन्छ हँ ? म लेख्न चाहन्छु । म मुख फोर्न चाहन्छु । अँ त कागज एउटा बिश्वाशिलो साथी हो । मन फुकाएर यसलाई जे सुकै भन्न सकिन्छ । यो संधै सुनीरहन्छ । चुपचाप गमीरहन्छ । यसले प्रतिवाद गर्दैन । त्यसैले म कागजलाई मन पराउँछु । कागज सित मायां गाँस्छु । अझ म यसलाई पुजा गर्छु । सांच्चै कागज नभएको भए म बौलाउने थिएँ की .. ?

सन्दर्भ थियो— मेरो एकजना ब्रिटिश मित्र डिन को । अँत हाम्रो समाजले मेरो र डिन विचको मित्रतालाई मन पराउँदैन । डिन सँग म गफ गर्न मन पराउँछु । उ संग हिंडन मलाई मन पर्छ । उ विदेशी भएर पनि मलाइ मायां गर्छ । उ मलाई मेरो दाज्यु जस्तै लाग्छ । यस पाली तिहारसम्म वस्यो भने म उसलाई भाइ टीका लाइदिन्छु । मैले उसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

भनी सकेकी छु। उ राजी छ। म 'वसुधैव कुटुम्बकम्' मा विश्वाश गर्छु, त्यसैको सिद्धान्तमा वाँच्छु। मेरो लागि सारा संसार बराबर हो। जसरी मेरो घर छ त्यस्तै मेरो देश हो। जसरी मेरा छिमेकी छन् त्यस्तै सारा संसार हो। मान्छेले संकुचित हुनु हुँदैन। उसले विस्तृत भएर फैलिनु पर्छ। जसरी संसार भरी मान्छेको राज्य छ त्यसरी नै मान्छेले मान्छेलाई मायाँ गर्नु पर्छ। त्यस्तै विचारवरूको धनी भएर म डिनलाई मायाँ गर्छु। डिन हँसिला—फर्म्याइलो अन्दाजी तिस—एकतिसको युवक हो। उ विवाहित छ। उसकी स्वास्नी उ भन्दा २ वर्ष जेठी भरे। सन्तानको नाउँमा एउटा छोरा र एउटी छोरी छन्। अस्तु आफनो त्यो सानो परिवार सित रमाएर बसेको 'डिन' मेरो हाकिम हो। तर पनि अफिस टाइम पछी उ र म एकै तहका मान्छे जस्तो मिल्दछौं। उसको एक महिनाको तलब मेरो वर्ष भरीको तलब भन्दा बढी छ। तर पनि उ म सँग कहिल्यै तल्लो तहको कर्मचारी सित गर्ने व्यवहार गर्दैन। यहाँ एउटा कुरा भनी हालौं—मेरो अफिसका कुनै पनि ब्रिटिश हरू त्यस्ता छैनन्। उनीहरूको व्यवहारमा हामी सबै मान्छे हौं भन्ने भावना स्पष्ट देखिन्छ।

उन्नतशील राष्ट्रका मान्छेहरू समय निष्ठ हुन्छन्। त्यसैले डिन पंकचुअल थियो। साथै म पनि पंकचुएलिटी मन पराउँछु। उ मेरो प्रत्येक कुरालाई ध्यान दिएर सुन्ने गर्थ्यो। म उसलाई यहाँको संस्कृतिसँग परीचय गराउँछु।

एउटा घतलाग्दो कुरा—उ र म गाडीमा चढ्दा प्राय। अगाडीको सीटमा दुबैजना बस्छौं। यसमा अरूलाई इर्ष्या भयो या के भयो—म जान्दिन। तर बसबारे टीका—टिप्पणी हुन थाल्यो। मलाई यो सुनेर साह्रै दुःख लागेर आयो। मलाई कसैले लाञ्छना लगाए भनेर होइन, तर हामी दुईको पवित्र मित्रता माथि कटुता प्रयोग गरिएको थियो। हुन त मान्छे आफू जस्तो हुन्छ—आफ्नो क्रिया कला कलाप जस्तो हुन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै अरूलाई पनि देख्छ, सोच्छ । हाम्रा समाजका ठेकेदारहरू बाहिर-बाहिर आदर्श छाँट्छन्, भित्र भित्र आफ्नै नजरमा गिरी सकेका हुन्छन् । यस्तै के भएर हो यो कुरा मैले सुनें, नमिठो अनुभव गरें । डिनलाई आत्मीय ठहराएकोले नभनी सकिन । उसले पनि साह्रै नमिठो अनुभव गऱ्यो । बिचरा उ आफ्नो देशको सभ्यता र यहाँको सभ्यताको अन्तर-द्वन्द्वमा अल्मलियो । मैले यहाँको विषयमा केही छोटकरीमा बताएँ र साथै भने 'म यो समाज मन पराउँदिन । त्यसदिन उ अगाडी को सिटमा बस्न मानेन । मलाई नै बस्ने आग्रह गऱ्यो । मैले पनि टार्न सकिन । आखिर उ त केही दिनको पाहुना मात्र हो । प्रोजेक्ट को कन्ट्राक्ट सकिने बित्तिकै उ त वेलायत फर्कनेछ । मैले र मेरा दर सन्ततीले पो यिनै समाजका किराहरू सित जीवन बिताउनु पर्छ । आज मैले यस किसिमको सामाजिक अन्तर्द्वन्द लाई भत्काए पनि केही हुन सक्ने होइन । किनभने यसको कुप्रभाव तिनीहरूले मेरो सन्तती माथी फैलाउनेछन् । वस्तुतः आफना सन्ततीको अवहेलना कुन मातृत्वले खप्न सक्ला । र ती सन्ततीमा आइ पर्ने विडम्बना झेल्न सक्ने शक्ति होला ? म आफै स्पष्ट भएर पनि स्पष्ट हुन सक्तिन म आफै समाधान सित डराउँछु । तेसैले यिनै अकारणहरूको विचमा म उसित अगाडी बस्न चाहिन ।

तर डिन एउटा आदर्श अंग्रेज हो । उ सँधैको व्यवहार मसित गर्छ । उसको क्रान्तीमय अनुहार, उसको सरलता, उसको गंभिर व्यक्तित्वका अगाडी म झन् आकृष्ट हुन्छु । आकृष्ट भन्नाले म उसको व्यवहार आदर्श र नैतिक व्यक्तित्वलाई अगाडी ल्याउँछु । तेसैले उ मलाइ आफनै जस्तो लाग्छ । उ अलिकति ढिलो अफिस आउँदा मन निराश हुन्छ । काम गर्न मन लाग्दैन । शायद उ बिरामी पो भयो की ? इत्यादी आशंकाले म कहिले काहीं विचलित भएको अनुभव गर्छु । तर उ कारणवश ढिलो आउँछ । म सदा भैं हाँसेर स्वागत गर्छु । उसको अनुहारमा सदा भैं रमाइलो

CC-0. In Public Domain. Digitization by eGangotri

पन मुस्काएको हुन्छ । त्यही रमाइलो पन सित न आफूलाई जीवनसित सम्बद्ध भएको पाउँछु । आखिर असम्बद्धता किन ? जीवन जुन्नु हो, असम्बद्धता भित्र पनि मुस्कान हो । यसरी म डिन सित धेरै नजिक भएको अनुभव गर्छु । त्यो नजिकता मैले गाँसेको यथावत् भन्दा पर-मैले प्रयोग गरेको स्वच्छ माया हो । उ जस्तै हाम्रा नेपालीहरू भए म उनीहरूलाई पनि यसरी ने मन पराउँछु । मनपराउन कुनै अपराध होइन,—जस कसैलाई, भिन्नाभिन्नै कारणले मनपराउन सकिन्छ । माया गर्नु अन्याय होइन कसैलाई अकारण माया गर्न सकिन्छ । आफूले मनपराएर हेर्नु पर्छ । आफूले माया गरेर हेर्नु पर्छ । सबैलाई कुनै कारणमा माया गर्नु र मन पराउन सकिन्छ । त्यसैले त म माया गर्छु मन पराउँछु उ जस्ता कर्मठ र रमाइला मान्छेहरूलाई । यसो भनुँ, म मान्छेलाई माया गर्छु । म मान्छेनाई मन पराउँछु ।

बोली

—गगन 'विरही'

बोली उज्यालो हुन सक्छ
बोली अँध्यारो हुन सक्छ
बाँचिन्छ दुई ओठको बोलीबाट
मरिन्छ दुई ओठको बोलीबाट
जून जस्तै टल्किन्छ कहिले काँही
सगरमाथाको नामबाट बोली
कतैबाट फुत्केर ढल्न खोज्छ
मुटुको व्यथाबाट बोली
बोली, दिईएको फाँसीमा पनि
व्याप्त हुन्छ
बोली, प्रतिबन्ध लगाईएका
अधिकारमा पनि व्यस्त हुन्छ
कहिले छकाउनमा निपूण
कहिले लोभ्याउनमा निपूण
त्यसैले अलाप्ने बोलीहरू—
नौलो सृष्टिको मुहान पनि हुन सक्छ
जिउँदो दृष्टिको चिहान पनि बन्न सक्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आस्थाहरू स्वतंत्र हुन खोज्छन् ।

—ईश्वरवल्लभ

म एकफेरा निर्लिप्तहुने मनगछुं
ती अंध्यारा कोठाहरूभैं, जो सँधै कुनै वेस्याहार परेको
—परिवेश जीउँछ,
तिमीहरू भन्छौ, ती अघिल्ला भयालहरू पनि अनुहार हुन्,
जस्तै बगिरहेका खोलाहरू,
जस्तै अल्झिरहेका बादंली र भयालहरू,
तिमीहरूले जस्तै,
म सुन्न खोज्छु अनुहारहरू, अंध्यारोमा अंध्यारोहरूमा
यस्तो गर्दा गर्दै कतै कोलाहल बनेको त होइन ।
यस्तो गर्दागर्दै कतै हाँगाहरू बनिरहेको त होइन ।
तैपनि, ती अँध्यारा कोठाहरू झैं
स्वरूप बनिरहेका हुन्छन्,
कतै वरिपरिको परिवेशको नाममा भित्ता बनेर
त्यता कतैं ठूलो अग्निको रापले उभिष खोजेको छ,
उभिदै र अग्लो हुँदै
अग्लो हुँदै र उभिदै ।
तिमीहरूले भन के भइरहेछ यसरी यहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीहरूले भन के गइरहेछ यसरी यहाँ

यात्रा जस्तो.

जहाँ पुग्नेक्रमको कुनै रूप छैन ।

तैपनि तिमीलाई

तैपनि मलाई जीउन मन लागिरहेछ

यी सबै बाहेक केही हुन मन लागिरहेछ,

ती यात्रा किन बगिरहेको नदी नसोध,

उत्तर छैन ।

ती किरणहरू किन झांचिरहेका, बनिरहेका नसोध,

गति छैन ।

ती विम्ब किन खोला भइरहेका, नसोध,

पानी छैन ।

तैपनि एउटा मानिस मेरो सामू एउटा गिलास

म उसलाई हेर्न खोज्छु पिइरहन्छ,

उसले गिलास किन पिइरहन्छ,

एकछिन् पर्खं, म केही भन्न खोजू तिमिलाई

कहिले काही अलिकति पर्दा खोलेर बाहिर हेरेको झैं

जो निरंतर बाहिर भइरहन्छ

जो निरंतर भित्र हुन सक्दैन

जब, त्यो बाहिर भइरहन्छ ।

एकछिन् पर्खं म कसैलाई लेखूँ, बिहान गरेर,

बिहान उज्यालोको तिमीलाई उपहार हो

तर, त्यहाँ पनि व्यवधान छ,

यी सबै उसले खाएको गिलासको प्रभाव होला,

उसले गिलास खाँदा, मलाई हुने गिलासको

—प्रभाव !

—त्यता कतै अग्निको सल्काईले, समिधा पाएर,

अग्लो जान्छ पहेंलो तातो भएर माथि सम्म,

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस कुने पनि माथि लाई सल्काउंदै,
कर्त नजिक र टाढाबाट केही कर्कश

—बजिरहेर

बजिरहन्छ अचेल कर्कश, कानैमा
फेरि बिस्तारै बिलाउंदै जान्छ त्यो हो
त्यसैले म, एकफेरा निर्लिप्त हुने मन गछुं ।
कहिलेकाहीं छेक्छ सीमानाले
र कहिलेकाहीं सीमानाले बाटो बगाउंछ,
त्यो निर्मिति सम्म,
कसैलाई बाँच्ने मन हुन्छ त्यसैले
कसैलाई मर्ने मन हुन्छ त्यसैले ।
मैले र तिमीले । तिमीहरूले यिनै कोलाहलको बीच
—यस प्रकार बाँच्ने र मर्ने मनको कुरा !
हिसाब लेखिन खोजिन्छ कहिले काहीं
एउटा सानो केटाले भनेको आधारमा—

—आर्किमिडिज् !

तिमीहरू जल्न चाहँदैनौ,
कोही पनि जल्न चाहँदैन,
त्यसैले कोही पनि, त्यसैले कोही पनि कोही होइन !
कसैले भस्म चाहँदैनौ
कोही पनि भस्म चाहँदैन,
त्यसैले कोही पनि, त्यसैले कोही पनि कोही होइन ।
एउटा अग्लो टाकुरोलाई
जिस्काउंछ कुने सानो लघुताले भने
—त्यो अस्तित्वको खोजी हो ।
त्यसैले म, एकफेरा निर्लिप्त हुने मन गछुं,
ती अनेकौं अनुहार जस्तै,
ती अनेकौं अँध्यारोहरू जस्तै,
ती अनेकौं कोठाहरू जस्तै,
र म एकफेरा स्वतंत्रहुने खोज्छु
ती अनेकौं आस्थाहरू जस्तै ।

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णलाल अधिकारीका सम्बन्धमा

—चूपहरि पौडेल

हिजो—आज नायवसुब्बा कृष्णलाल अधिकारीका सम्बन्धमा निकै खोजीनीति हुन लागेको छ। राणा—शासनको बोलवाला थियो। देशमा जतातै जनताहरू अन्धकार र अशिक्षाको भुँवरीमा घुमेका थिए। यस्तो संकटापन्न अवस्था पनि कृष्णलाल अधिकारीले नेपाली साहित्यका कवि लेखकहरूमा नयाँ हलचल मच्चाई दिए। कृष्णलालको नाममा 'मकैको खेती' भन्ने पुस्तक छापिएर जनसमक्ष आइपुगेकै थिएन। छापाखानाबाटै एक—दुइ प्रति गर्दै त्यसवेलाका भद्र—भलादमीका हातमा पऱ्यो। जसको हातमा 'मकैको खेती' भन्ने पुस्तक परेको थियो उनीहरूले पढे। पढ्ने मध्येकै एकजना मानिसले चन्द्रशम्सेर समक्ष गएर पोल गर्दा छापिएका ९९९ प्रति जम्मा गरिए। (एक हजार छापिएकोमा एक प्रति गायब भएको थियो) ९९९ प्रति जलाइयो र एक प्रति कसले लुकाएको थियो त्यो आजसम्म पनि अनुसन्धानकै विषय रहन गएको छ। कठजोर घर भएका तर अचेल सिन्धुली सदरमूकाम नजिकै बसाई सरेका जय शंकरले कृष्णलाल अधिकारीले लेखेको गायब भएको एक प्रति सो 'मकैको खेती' भन्ने पुस्तक ससलाल अधिकारी हनुमान नगर सँग छ' भन्ने कुराको मलाई जानकारी दिएका छन्। जयशंकर अधिकारी, ससलाल अधिकारी कृष्णलालकै दाज्यु-भाइ खलक भएकाले सो कुरा सम्भव पनि देखिन

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछ । वि. सं, १९७७ साल श्रावण ११ गते र १७ गते यी दुइ दिन नेपाली साहित्यको इतिहासमा कहिल्यै नमेटिने शिलापत्रमा कुँदिएका छन् । किनभने साउन ११ गते 'मकैको खेती' भन्ने पुस्तक लेखे, छपाए वापत कृष्णलाल थुनिएका थिए र १७ गते सो पुस्तकमा हात भएका सबैसित बयान लिने काम सकिएको थियो । 'मकैको खेती' पुस्तक काण्डमा कवि लेखकहरू थुनिएका र एकजना लेखक कृष्णलाल जेलमै मरेका हुनाले यस ऐतिहासिक घटनालाई 'मकैपर्व' को नामले पुकारिँदै आएको छ । 'मकैपर्व' घटनाको जन्मपछि कैयौं नेपाली कविलेखकहरूले डराएर लेख्ने छोडे लेखेका रचना पनि लुकाउन थाले । यो घटना घटेको देखेर अभिभावकहरू आफ्ना सन्ततिलाई पढ्न र लेख्नमा सतर्क गराउन लागे । यिनै कुराहरू भएकाले 'मकैपर्व' को ठूलो महत्व रहन गएको छ ।

'मकैपर्व' भन्ने बित्तिकै कृष्णलाल अधिकारीकै नाम अगाडि आउँछ । त्यसकारण यस्ता साहित्यिक शहीदको रचना खोजी, व्याख्यागरी जनसमक्ष ल्याईदिनु हरेक नेपाली साहित्यका जिज्ञासुहरूको मुख्य कर्तव्य हो जस्तो मलाई लाग्छ । लेखनाथदेखि शुरू भएको आधुनिक नेपाली साहित्यका कवि लेखकहरूको सम्बन्धमा सबैजसो पाठकलाई थाहा छ तर यी कृष्णलाल अधिकारीका बारेमाभने नगण्यलाई मात्र छ । कृष्णलालका कति कृति थिए यो कुरा पनि अनुसन्धेय छ । त्यसैले हुनुपर्छ, आजसम्म 'मकैको खेती' का लेखक कृष्णलालको मात्र चर्चा सुनिन्छ कवि कृष्णलालको नाम निशानै देख्न पाइएको छैन । मैले आफ्नो खोजमा 'मकैपर्व' का अगुवा कृष्णलालका तीनओटा कविता फेला पारेको छु ती हुन्—१. छोराहरूलाई अर्ती र भाइहरूलाई अर्ती । भाइहरूलाई अर्ती कविता दुइ प्रति छ । एउटा कृष्णलालकै हस्ताक्षरमा र एउटा चाहि उनकै साहिलाभाइ चरणलालबाट प्राप्त मौखिक जानकारीमा ।

कृष्णलाल अधिकारी र मकैपर्ववारे आजसम्म पाउन सकिएको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशित खोज अनुसार सर्वभन्दा पहिले कमल दीक्षितले यस किसिमसँग उल्लेख गरेको पाइन्छ। "संवत १९७५ को नेपाल ! लेखनुपर्छ लेखाउनु पर्छ भन्ने भावना सबैलाई लाग्न थालिसकेको थियो। पिङ्गल शास्त्रमा दखल भएकाहरू कविता लेख्थे —त्यो नहुनेहरू आफ्नो भाव गद्यमै पनि व्यक्त गर्थे। आफूले जानेको, अनुभव गरेको कुरा पुस्तकको रूपमा झिक्ने चाखकै सिलसिलामा कौसलका सुब्बा कृष्णलालले 'मकैको खेती' लेखे। त्यो किताप राजकाजी ठहरियो। त्यसमा मुछिनेजति सबैलाई सजायभयो। त्यही किताबको पर्व नेपालको ऐतिहासिक 'मकैपर्व' थियो १।"

नेपाली साहित्यप्रति जिज्ञासा भएकाहरूकालागि यी माथि उद्धृत गरिएका वाक्यलेनै अरू विस्तृत खोज गर्ने ढोका उघारि दिए जस्तो मलाई लाग्छ। यसमा 'वि. सं. १९७५' लेखिएको छ तर 'वि. सं. १९७७ साल' हो। किनभने अरू विस्तृत खोज गर्ने पस्दा वि. सं. १९७७ नै फेला पऱ्यो। मिति अशुद्ध भए पनि अरू कुरा ठीकै छन्। यस किसिमसँग कृष्णलाल अधिकारी र मकैपर्वतिर कमल दीक्षितलेनै सबैलाई ध्यान्च्याएको देखिन्छ। यसपछि 'मकैपर्व' मै पर्ने तर जेलजाने मौका नपाएका साम्बभक्त कृष्ण प्रसाद उपाध्याय, गणेश भण्डारीले लेखे। भुवनलाल प्रधानले नयाँ कुरो केही दिएका छैनन् उही छापिएकै सामग्रीका आधारमा लेख्ने कोशिश गरेका छन्। बालकृष्ण समको मुटुको व्यथा, कविता आराधनातिर पहिलो उल्लेख पाइए पनि विश्लेषणात्मक दृष्टिमा नभएकोले र संक्षेपमा उल्लेख मात्र गरिएको हुँदा यसलाई आधिकारिक रूपमा पहिलो प्रचारक भन्न नमिल्लाकि ? जे भए पनि सबैले आ—आफ्नो क्षेत्रबाट सबदो प्रयास गरिआएकै छन्। व्यक्तिगत रीसइबीमा कसैले कसैलाई दोषी ठहराउनु र खोजी गर्नेले ल्याएका सामग्रीलाई मूल्यहीन सम्झिनु राम्रो कुरा होइन। वरू सकिन्छभने तर्क र सामग्रीद्वारा काट्नु राम्रो हुन्छ।

---

१. कमल दीक्षित, कालो अक्षर, पृष्ठ १०५।

CC-0. In Public Domain. Digitization by eGangotri

'मकैको खेती' भन्ने पुस्तक आफ्नो नाममा नछापुनजेल कृष्णलाल त्यसबेलाको राणा परिवारमा निकै चर्चित मानिस थिए। कसैसित नडराउने, ठाडो घाँटी लगाएर बोल्ने, आफ्ना मनमा कुनै कुरा नलुकाउने, राम्रोसँग सवाल सुनाउन सक्ने राणा प्रधानमन्त्री चन्द्रशम्सेरले निकै रूचाएका थिए। पछि मकैको खेतीका प्रकाशनपछि कृष्णलालको व्यक्तित्वलाई राणा सरकारले मूल्यहीन सम्झयो। तर त्यसबेलाको सरकारले सजाय गरे पनि कृष्णलाल नेपाली साहित्यका शहीद भए। नेपाली उपदेश कविता साहित्यका निर्माता भए। अनि सबैले बुझ्ने एउटै वाक्यमा भन्दा -मकैपर्वका अगुवा भए। अब जसले नेपाली साहित्यको इतिहास लेखे पढे पनि नायव सुब्बा कृष्णलाल अधिकारी र मकैपर्वका सम्बन्धमा नलेख्दा र नपढ्दा त्यो इतिहास अधुरो हुन्छ। उनका कैयौं कविता हुँदा हुन्, चिठी हुँदाहुन् तर ती सबै मकैपर्व काण्ड भएपछि उनैका वंशीयारहरूले च्यातेको बालेको कुरा जानकारीमा पाइएको छ। यसो बचेखुसेका कविता हस्ताक्षर कृष्णलालकै छोरी र भाइबाट पाउन सफल भएको छु। जो हाल मैसँग मौजूद छ। यसबाट अहिलेसम्म कृष्णलाल र मकैपर्वका बारेमा जुन किसिमका धारणाहरू प्रचलित छन् तिनको खण्डण नभए पनि त्यसमा व्याख्याकालागि केही सामग्री चाहिं अवश्य थपिएको जस्तो मलाई लाग्छ। कृष्णलाल घेरैबर्ष सम्म अन्धकारमै बसे। घेरैपछि मात्र यिनको खोज खबर हुन लागेको हो। ढिलै भए पनि यस्ता साहित्यिक शहीदको खोजीनीति हुनलाग्दा नेपाली साहित्यका सबैलाई खुशी लाग्नु स्वाभाविकै हो।

कृष्णलाल अधिकारी र मकैपर्वका सम्बन्धमा अहिलेसम्मको अनुसन्धानमा जसले जे—जति सामग्री फेला पारेर व्याख्या विश्लेषण गरेको छ र गर्दै छ वास्तवमा त्यसलाई पूर्ण मान्नु हुँदैन। मैले खोजेर ल्याएका सामग्रीहरू पत्र—पत्रिकाको माध्यमद्वारा धमाधम समाजमा प्रस्तुत गर्दैछु र विस्तृतरूपमा निकट भविष्यमै प्रस्तुत गर्ने पक्षमा छु। अब ता नेपाली शिक्षण समितिले पनि नेपाली स्नातकोत्तरमा विद्यार्थी-द्वारा प्रस्तुत गर्नु पर्ने शोधपत्रको विषय कृष्णलाल अधिकारी र मकै-पर्वराखे हुने भैसकेको छ। यसबाट अरू अनुसन्धाताहरू निक्लन्छन्। विस्तारै मकैको खेती पनि फेला पर्ने सक्छ। मकैको खेती फेला परेमा अवश्य पनि नेपाली साहित्यमा अर्को नयाँ अध्याय थपिने छ। अहिलेसम्म प्रकाशित धारणामा पनि परिवर्तन आउन सक्छ। □

CC-0. In Public Domain. Digitization by eGangotri

कलम चलेन

—भरत राज पन्त

बादल फाटेर पनि तुवांलोले जुनेलीलाइ छोडेन,
रात्रि बितेर पनि बादलले सूर्यलाइ छोडेन,
सूर्य उदाएर पनि कमल फुलेन
कमल फुलेर पनि भमरो झुलेन,
बत्ती बलेर पनि पुतली जलेन
त्यसैले मेरो कलम चलेन ।

हुरी आएर पनि बादल उडेन,
चैतन्य भएर पनि कर्तव्य चिनेन,
अनुभव भएर पनि सहानुभूति गरेन,
चीत्कारले पनि प्रभाव परेन,
दयनीय दशाले पनि हृदय गलेन,
त्यसैले मेरो कलम चलेन,

स्वतन्त्र हुँदा पनि बन्धन छुटेन,
गुरू भएर पनि चेली बनेन
शिक्षा हुँदा पनि सदिच्छा भएन,
सिनेमा हेरेर पनि भोक मरेन
सुस्केराले पनि चुल्हो बलेन
त्यसैले मेरो कलम चलेन

कालो गएर पनि गोरो आएन
विमान पाएर पनि स्वर्ग पाएन
सुपुत्र भएर पनि त्याग भएन
अभिनेत्री नाचेर पनि अभिनेता डटेन
सरजाम भएर पनि कविता फलेन
त्यसैले मेरो कलम चलेन

CC-0. In Public Domain. Digitization by eGangotri

कथा

कुहिरो भित्र

—दिव्य गिरी

सम्पूर्ण शहरनै कुहिरो भित्र हराएको छ ; शरदले नाङ्गो पारेको रूखहरू जाडोले कठ्यांग्री रहेका छन् । हिजो अस्तिको भन्दा आज कुहिरो बाक्लो लागेकोले होला जाडो निक्कै बढेको छ । मुटुनै छुने जाडो ! कुहिरो फाट्न त धेरै समय लाग्छ । बरु तुषारो मात्र परेको भए घाम चांडै लाग्ने थियो । यस्तो विघ्न जाडो त हुने थिएन ?

सडकको पेटीमा एउटा मान्ने कुत्रुक्क वसिरहेछ । झुस्स दारी-जुंगा । ख्याउटे अनुहार । कुनै झरेका कुनै बांकी रहेका दांत । जिङ्गिरिंग लट्टै लट्टा परेको कपाल । खोपा जस्ता आंखा । यस्तै यस्तै छ उ र उस्को गति । रूप भए पनि वेरूप जस्तो । उ जन्मेको सिंगै देश छ । तर उस्को निम्ति वस्न एउटा झुपडी पनि छैन । उ वसेको शहरमा असंख्य मान्छेहरू छन् । तर उस्को आफ्नो भन्ने कोहि छैन । मानौं उस्को निम्ति देश परदेश भैसक्यो ! यो शहर उजाड भैसक्यो ! यस शहरका मान्छे सबै मरिसके ! मात्र उ एक्लै सास फेरिरहेछ । मृत्यु गह्रौउने शहरमा ? मृत्यु संग पौंठाजोरि खेलिरहेछ ! उस्ले वर्षातको झरि कसरी काट्यो थाहा छैन । र यो पनि थाहा छैन कि उ अब कसरी यो जाडो विताउंछ ?

नाकको चुच्चो र एक जोडी आंखाहरू मात्र देखाएर मान्छेहरू उ

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडी वाटै हिंडिरहेछन् । उ भने जम्मै जसो शरीर प्रदर्शन गरेर बसिरहेछ । भयाङ्ग्वाल ओढनेले जाडो छेक्ने असफल प्रयास गरिरहेछ । ओढन चांहि टाउकोमा पुगे खुट्टामा पुग्दैन । खुट्टामा पुगु टाउकोमा । दुवै हात खोकिलामै लुकाएको छ । जाडोले गर्दा हात थापेर पांच पैसा पनि माग्न सकेको छैन । केवल टीठ लाग्दो अनुहार देखाएर आशाभरिको आंखाले हेर्छ मान्सिहरूलाई । उनीहरू भने उस्लाइ देखे नदेखे झैं गरिदिन्छन् । उ सबैलाई पुलुपुलु हेर्छ । राम्रै संग हेर्छ । घरि आकाशतिर हेर्छ । घरि घरका भयालहरूमा । यता—उति तल—माथि । चिल्लाकारहरू चिप्ला सडकमा चिप्लिन्छिन्, धनी कहलाएकाहरूलाइ बोकेर । ओहर-दोहर मोटरहरूको । आवत—जावत मान्छेहरूको । उ यहि चहल—पहल हेर्छ । र हेरिरहन्छ ।

उ भन्दा अलिक टाढा एउटा कुनोटामा एउटी अधबैंशे नाङ्गले पसल थापेर ग्राहक पर्छिरहिछ । हलिक्सका सिसीहरू—तितौरा, सुपारी, चक्लेट आदिले भरिएका, लहरै मिलाएर राखिएका छन् । मान्छेहरू त्यहाँ पुग्छन् र चुरोट खोज्छन् । ऊ केवल टाउको हल्लाएर 'छैन' को जवाफ दिन्छे । कोहि बढी पैसा दिनै कबुल गर्छन । ऊ छैन भनेर किरिया हाल्छे । र एउटा ठूलो पसलतिर औंलाउंदै भन्छे—"बढी पैसा तिरे उ त्यो पसलमा सबै चुरोट पाइन्छ" । पैसा तिर्न सक्ने त्यतैतिर लाग्छन् । तिर्न नसक्ने निराश भएर सिधै जान्छन् । कोहि विडी भए पनि किनेर सल्काउंछन् ।

—"न भोक हुन्छ नत पेट भर्छ । तर के गर्नु ? लागेको वानि । छुटाउनै मुस्किल सबैदै नसकिने"—एउटा दिक्क भएर आफ्नो असमर्थता ओकल्छ ।

—"यो बजार किन यस्तो ! पैसा तिरेर पनि माल नपाइने"

—अर्को गुनासो पोख्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

—"माल सामान जति साहु महाजनको गोदामा थुप्रिन्छ । कृतिम अभाव बनाएर महंगो पार्ने !"—भन्न अर्को रहश्य खोल्छ ।

धेरै दिन भैसक्यो बजारमा चुरोट, सलाइ, चिनी मट्टितेल, नूनको अभाव भएको । कहिले एक थोक । कहिले अर्को थोक । सबै थोक पाइने बजार कहिले भएन । जुन चिजको अभाव हुन्छ त्यो चिज बजारमा आउंदा भाउ बढ्छ । आकार घट्छ । जति पटक अभाव हुन्छ त्यतिनै पटक भाउ बढ्न थाल्छ । यस्तै यस्तै छ यहांको बजार । सबै अभावको कथा दोहरिन्छ । सबै "छैन, पाइएन" को हाहाकार हुन्छ । यो कृतिम अभावको बजार ! कालो बजार । सब थोक भएर पनि अभाव हुन्छ ! हुनत यो सब गरीब लाइनै हो । धनीलाइ त जहांबाट पनि उम्रिन्छ फोनकै भरमा पनि । मान्छेहरू कसरी बांचिरहेछन् कुन्नी ? विश्वास लाग्दैन कि सबैले अभाव नभएको छाक टारेका छन् !

सांगुरो गल्लीबाट एउटा दुब्लो शरीर निस्कन्छ । दुबै हातमा ठण्डा बरफको थर्मस झुण्डाएर । उ पनि सरासर त्यही नाङ्गले पसलमा पुग्छ । रोकिन्छ र एक पुरिया बिंडी किन्छ । एउटा सल्काउछ । बांकी खल्तीमा राख्छ । एक मुठी कालो धुंवा कैलो कुहिरोमा मिसाउंछ । बिंडी ओठमै च्यापेर लम्कन्छ । उस्लाइ टाढा—एउटा स्कूलमा पुग्नु छ । बरफ बेच्न । उस्ले आफ्नो जीवननै बिताउन लागिसक्यो बरफ बेचिबेचि । यो ठण्डीको मौसम । बरफ धेरै बिक्दैन । बरफ नबिके झाम्दानी हुँदैन । भरेको छाक टार्न मुस्किल पर्छ । उस्लाइ बरफ नबिक्ला भन्ने डर छ । कारण उ पुग्ने ठाउंमा अरूले ठण्डाबरफवाला पुगिदियो भने बरफ बिकाउन गाह्रो हुन्छ । त्यसैले अरूलाई उछिन्न उ लम्कि लम्कि गैरहेछ । यहांको परम्परा नै यस्तै छ । सबैले सबैलाइ उछिन्नु पर्छ । नउछिनी स्थान पाइंदैन । जहां, जेमा, जस्लाइ पनि उछिनेर पहिला हुनु पर्छ । पहिले पुग्नु पर्छ । ढीला र पछि परेत अलपत्र परिन्छ । हेप्याहेप्यै हुनु पर्छ । जिल्लीनु पर्छ । हेर्दा हेर्दै उ कुहिरो भित्र चांडैनै हराउंछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

रिक्साको लगातार हर्न बजेको आवाजले मेरो ध्यान बदलिन्छ। आवाज आएतिरै हेर्छु। रिक्सावाल दुइजना पर्यटकहरूको पिछा गरिरहेको हुन्छ। तिनीहरूलाई रिक्सा चढन भन्छ। औंलाको इशाराले पांच अंकको सकेत देखाउंछ। पर्यटकहरू मान्दैनन्। हिंडछन् वास्तै नगरी। उ रिक्सा अड्याउंछ। यता---उति हेर्छ। विचार गर्छ - ग्राहक पाउनै मुस्किल। पाए पनि थोरै भाडामा मात्र चढ्नेहरू। विदेशीलाई चढाउन पाएत अलि बढ्ता भाडा लिन पाइन्थ्यो। विदेशीहरू पनि अब त धेरै चलाख भैसके। सोच्दै रिक्सा फेरि गुडाउंछ। उनिहरूलाई नै भेट्न पुग्छ। फेरि रिक्सा चढन अनुरोध गर्छ। तीन औंला ठड्याउंछ। अर्थात तीन रुपैयामा सहमति जनाउछ। पर्यटकहरू रिक्सा चढ्छन्। रिक्सावाल सकि नसकि रिक्सा दगुराउंछ। केहि छिनमै उनिहरू पनि कुहिरोभित्र हराउंछन्।

घुजा—घुजा परेको एकसरो कमिज र हाफ कटटु। बस् यति मात्र लगाएको छ झण्डै सात—आठ वर्षको एउटा बालकले। हातमा एउटा टवाक लिएर बाटोमा हिंडनेहरूसंग पैसा माग्दै हिंडिरहेछ। सम्झन्छु धेरै दिन देखि रेडियोबाट अन्तराष्ट्रिय बाल वर्ष बारे अनेकौ कुराहरू फलाक्दै आएको। मनन गर्छ। यहाँ पनि अन्तरराष्ट्रिय बाल वर्ष मनाइदैछ। सांच्चै यो बालकहरूको एक सुनौला वर्ष! बाल हित र संरक्षणको एकमात्र वर्ष—बाल वर्ष!

हिजो बेलुकि घर फर्कंदा एउटा बालक नाङ्गै लडिरहेथ्यो रत्न पार्कको पेटीमा। मसिनो तर करुण शोरमा भनिरहेथ्यो—"भोक लाग्यो"। उस्को त्यो करुण शोर सुन्ने सबै थिए। बुझने कोहि थिएनन्। सबैलाइ हतार थियो। दिन दिनै भोज खानेहरूलाइ भोक के हो के थाहा? धनीलाइ दिनदिनै भोज छ। गरीबलाइ सधैं सधैं भोक छ। यहां यस्तै छ। यस्तै भैरहेछ।

कुहिरो भित्र सडकको यस्तै दृश्यहरू हेरिरहन्छ। आफु पनि कुहिरो

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र वसेर । कुहिरो फुसफुस तल झर्छ । शरदले झार्न बांकिरहेका फूल र पातहरूबाट कुहिरो तपतप खस्छ पानी भएर । संझन्छु कुहिरो पानी हो, पानी कुहिरो । पानी तातो बाफ पनि हुन्छ । चीसो कुहिरो पनि । पानी वरफ भएर जम्छ । अनि वरफ पग्लेर फेरि पानी हुन्छ । पानीको यो अनेक परिवर्तन ! मलाइ पनि पानी र पानी जस्तै परिवर्तन हुन मन लाग्छ कता कता एक मन खोला भएर वगि दिन मन लाग्छ । प्रतिवन्ध र निषेधका पर्खालिहरू भत्काउँदै जता मन लाग्यो उतै हिंडन मन लाग्छ खोला जस्तै । अनि मन लाग्छ एउटा आंधि भएर वहिदिन । यहांका अन्यायी, शोषक र भ्रष्टाचारीहरूलाइ उडाएर कहिं पर्याकि दिन । तर मेरो यो आभास कुहिरो भित्र हराउंछ ।

विहान निक्कै छिप्पिसक्दा पनि कुहिरो भित्रको जाडो कुहिरो वाहिर जान सक्दैन । कुहिरो वाहिरको न्यानो कुहिरो भित्र पस्न सक्दैन । घाम क्षितिजमै हराउंछ । अलमलिन्छ । कुहिरो छिचल्न नसकेर । लाग्छ यहांको जिन्दगीनै कुहिरोले ढाकेको छ । घाम नपाइ ओसिएको जिन्दगी पानी नपाएर झांगिन नसकेको विरूवा जस्तै छ । दुध खान नपाएको टुहुरो वालक जस्तै यो वर्तमान ! यस्ले पनि के दिन सकेको छ र ? व्यर्थै तुहिने आशा र इच्छा वोकेर बांचिरहेका छन् यहांका जन्मंदै थोत्रिसकेका जीवनहरू । यहां जिन्दगीको गोरेटो सांगुरो छ । जीवन हिंडने वाटो असजिलो छ । यति मात्र हैन हरेक जीवन वस्ने कोठा सांगुरो छ । घर सानो छ । यो शहर सानो छ । यो देश नै सानो छ । मान्छे मात्रको लागि यो विश्वनै सानो हुँदै गैरहेछ । चाउरिंदै गैरहेछ । सांगुरिंदै गैरहेछ । जे जसो होस वांच्नको लागि अट्नु पर्छ । अटाउनु पर्छ । कोच्चिनु पर्छ ।

मेरो सोचाइहरू वढ्दै जान्छन् । समय वग्दै जान्छ । कुहिरो पनि अलि अलि गरि फाट्दै जान्छ । हेर्दा हेर्दै सडकमा मान्छेको विस्कुन वाविलदै जान्छ । पहिले देखेका दृष्यहरू मान्छे—मान्छेको हूलभित्र हराउँदै जान्छ । □

CC-0. In Public Domain. Digitization by eGangotri

एक गीत

—हरिभक्त कटुवाल

रोउँ भने हाँसिदिन्दन्छन् जोरीपारी मेरा
हाँसु भने ओइलिदिन्छन् फूलहरू सारा

हाँसु हाँसु लागेको हो हाँस्न सकिएन
चाहे जस्तो जिन्दगी एक बाँच्न सकिएन
पीर मलाई कत्ति छैन तिमी बाँचे पुग्छ
सागरमा म हराउँला खोला पनि सुक्छ।
तिमीलाई भनुँ भन्थें कुरा मेरै थिए

तिम्रा हाम्रा बाचाहरू अधुरानै थिए
मानिसलाई चिन्ने मान्छे पाउन हुन्छ गाह्रो
मानिस भई ढुंगा जस्तो जिउनु पनि साँह्रो।

CC-0. In Public Domain. Digitization by eGangotri

सुधार र आदर्शको दोभानमा "एक चिहान"

—पी. पी. गड्तौला

प्रस्तुतीकरण मात्र नभै वृस्तीतीकरण, अभ्यासीकरणमा पुगेको उपन्यास "एक चिहान" हृदय चन्द्रसिंह प्रधानले सुधार र आदर्श बादको दोभानमा उभ्याउनु भएको छ। एकातर्फ सुधारगर्न लम्केको छ, अर्कोतर्फ आदर्श छाटन तम्सीदा तम्सीदै पछि हटेको देखिदैन। कैयौं कुरितीहरूमा राणा शासनको कठोर परिस्थितिमा जेलींदा र भेलींदा पनि त्यसवेलाको समाजमा आईपरेका, देखा परेका सामाजिक कुरितिहरू एउटा काल्पनिक, तर्फ बाट सच्याइमा प्रस्तुतीएकों छ। यो साहस एउटा तुलनीय साहास हो।

उपन्यासकारले एक आदर्श किसान परिवार लाई प्रस्तुत गर्दै बास्तविक संसारका नेपालमा किसान बर्गमा यस्तो चेतनशील परिवार पाइन्न भन्ने ठोकुवा हो। यो परिवार काठमाण्डूकै पार्श्व भूमिमा देखाइएको छ। नेवारी समाजका केहि अनौठो प्रथाहरूको राम्रो चित्रण यस उपन्यासमा फेला पर्दछ। पोईल गै सकेकी छोरी चैलीलाई माईत तर्फकाले जवरजस्ती फर्काएर ल्याई कुमारीनै मानी अर्कोतीर बिहे गरीदिने चलन पनि एक

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारको ३६ सौं शुभ जन्मोत्सवको मुबद
उपलक्ष्यमा मौसूफ सरकारको सुख सम्वृद्धि सुस्वास्थ्य
एवं दीर्घायुको कामना गर्दछौं ।

नेपाल औद्योगिक विकास कर्पोरेशन
परिवार

श्री ५ महाराजाधिराज सरकारको ३६ सौं
शुभ-जन्मोत्सवको महान उपलक्ष्यमा
नेपाल राष्ट्र बैंक परिवार सभक्तिपूर्वक
मौसूफ सरकारको सुस्वास्थ तथा
दीर्घायुको कामना गर्दछ ।

नेपाल राष्ट्र बैंक

परिवार

आकुञ्चन, ५३

CC-0. In Public Domain. Digitization by eGangotri

सवाकोटी मुटुका साझा
हाम्रा प्यारा राजा
युग युग चिरायु रहुन्
ईश्वर आसिक यही दिउन् ।
प्रार्थना गर्न
समस्त साझा संस्थाहरूको तर्फबाट

साझा केन्द्रिय कार्यालय

श्री ५ महाराजाधिराज सरकारको ३६ औं शुभ जन्मोत्सवको
उपलक्ष्यमा मौसूफ सरकारमा भक्तिपूर्वक हार्दिक
शुभकामना चढाउँछौं ।

साल्ट ट्रेडिंग कर्पोरेशन लि.
(कालिमाटी)
खाद्य उद्योग (प्रा) लि.
नारायणी बरफ उद्योग (प्रा) लि.
लुम्बिनी सलाई उद्योग (प्रा) लि.

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ३६ औं
शुभजन्मोत्सवको शुभ उपलक्ष्यमा मौसूफ सरकारमा सुस्वास्थ्य, दीर्घायु
तथा सुख समृद्धिका लागि श्री परमेश्वरसंग हार्दिक
प्रार्थना गर्दछौं ।

नेशनल ट्रेडिंग लिमिटेड
केन्द्रिय कार्यालय,
टेकु, काठमाडौं ।
फोन नं. ११९६२–१२९२४ १२९२५

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारको

शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफ

सरकारको दीर्घायु तथा सुस्वास्थ्यको

मंगलमय कामना

गर्दछौं ।

राष्ट्रिय बाणिज्य बैंक

श्री ५ महाराजाधिराज सरकारको ३६ औं शुभ जन्मोत्सवको

उपलक्ष्यमा मौसूफमा दीर्घायु र सुस्वास्थ्यको

कामना गर्दछौं ।

गोल्छा अर्गनाइजेशन

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भः मेरो देश

—फणीन्द्र नेपाल

नयां बिहानी सन्ध्याको गर्भमा पसेर विलुप्त भए झ
किम्वदन्तीमा परिवर्तित हुँदै गइरहेको यो सत्य कथा
भयले विकृत पुराना शहरका ती अनुहारहरू
समुद्रमा ज्वार भाटा उठे झैं प्रत्येक कोणबाट जुर्मुराएको सडक
लाम लागेर हिंडेका मान्छेहरू
कविताको आव्हान
शीत समीर झैं हाम्रो मुटुमा पसेर चक्कर काट्थ्यो
आकाशमा चङ्गा उडाइने त्यो समय
हामी हातमा 'प्ले कार्ड' बोकेर उफ्रन्थ्यौं ।
स्वतन्त्रताको निम्ति मान्छेले मान्छेकै विरुद्ध छेडेको सघर्ष
पूर्णिमाको चन्द्रमा झैं शत सहस्र किरण दल
जहां हामी सहभाव र समभावका पाइला चाल्थ्यौं
सबै झैं लपलपाएका ती प्रेतात्माहरूको विरुद्ध
त्यो आगो र पानीको भीषण-द्वन्द्व
नियतिको संघारबाट भाग्यको द्वारसम्म डोहोऱ्याउन
जहां हामी दहिला मुटुहरूको विश्वास उमाथ्यौं

CC-0. In Public Domain. Digitization by eGangotri

मूल्य खोज्थ्यौं मान्छेको र
अस्तित्व खोज्थ्यौं बाँच्नुका ।
नाराका गगन भेदी आवाजहरू
हावासंगै फैलिइन्थे विश्वभरि
यसरी हामी संसारलाई हामी हुनुको संकेत गथ्यौं,
हामीहरूको परिचय दिन्थ्यौं,
तर जिन्दगीका पूर्णता ती कठोर मुटुहरू बीच कैद थियो ।
त्यो समय
विवाद-प्रतिवाद र आरोप-प्रत्यारोपको कर्कशता
आंखामा फैलिदै गद्दरहेको बलात्कारको छाया
कोतको प्राङ्गणबाट ब्युंझेर अर्को कोतको निम्ति
रगतले पोतेको
प्रतिशोधले जर्जर भीम झैं
मान्छे
मसानबाट उठेर शिवगण झैं नाच्दै ताण्डव नृत्यहरू
कुल्चेर आफ्ना विभत्स पाइतालाले निर्दोष बालकको छातीमा
झम्टेर मृगमाथि बाघ झैं
उत्साह-उद्रक्त जवान योद्धाका घांटीमा
मृत्युको तीखो डसाइले निर्मम प्रहार गर्थ्यो
मान्छेका रगत पच्छे अनुहार
जसलाई चाट्दै कुकुरले माया बांड्थ्यो ।
संलग्नता र असंलग्नताका प्रश्नहरूबाट बलात् प्रताडित यो प्रसङ्ग,
रगतले कोक्किएर ताराका आंखाले रोएको देशको अव्यक्त वेदना,
भयले कम्पित घेरै मान्छेका मुटुको व्यथा ।
यो मेरो देशको सन्दर्भ,
यो मेरो देशको क्षणिक इतिहास ।

CC-0. In Public Domain. Digitization by eGangotri

विनाश र निर्माणको चयनको भूलमा
अनि विस्तारै पश्चातापको पहाड उठिरहेछ
चीसो स्याँठ चलेर सन्तापका सुस्केरा यता उता फालदैछ
हामी रेल मार्गमा विच्छ्याइने 'स्लिपर'
रेल लिगमाथि दौडिरहेछ
हामी एक निश्चोट टोलाइ
हामीलाई टेकेर कोही बढिरहेछ
हो, त्यसबखत हाम. अर्जुन झैं कृष्णबाट प्रेरित भएर उठेका थियौं
चक्रव्यूह फोर्न पसेका थियौं अभिमन्यु बनेर
एक्लै / नितान्त एक्लै
कलकित घम–युद्ध लड्न ।
प्रमिथस बनेर स्वर्गको आगो चोर्न हिंडेका थियौं
त्यसैले हामी राजेश्वरी झैं आफ्नै देशमा निर्वासन भोगिरहेछौं ।

❀❀
❀❀

एक चुटकेला

बंगाली:- मलाई बोलाउँदा सधै 'बाबु' भन्नु पर्दछ ।

अंग्रेज;- मलाई बोलाउँदा सधै "साहेब" भन्नु पदछ ।

नेपालीलाई;- दुबैको कुरा सुनेर रीस उठ्दछ र भन्छ मलाई दुबैले "बाबुसाहेब" भन्नु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

...रकारको ३६ सौं
... महान उपलक्ष्यमा
...को सुस्वास्थ तथा दीर्घायुको
...नत्त हार्दिक शुभकामना
... व्यक्त गर्दछौं ।

नेपाल बैंक लिमिटेड

(स्थापित १९९४)

ग्राम: नेपालचमी,
फोन: १३७९३, १११८५
धम ाव, काठमाडौं ।

श्री ५ महाराजाधिराज सरकारको ३६ सौं शुभ जन्मोत्सवको उपलक्ष्यमा
माँसूफको दीर्घायु एव सुस्वास्थ्यको मंगलमय कामना अर्पण
गर्दछौं ।

बाँसवारी छाला तथा जुत्ता कारखाना लिमिटेड
बाँसवारी, काठमाडौं

आकुञ्चन/५६

CC-0. In Public Domain. Digitization by eGangotri

...यनको भूलमा

श्री ५ महाराजाधिरा... पहाड उठिरहेछ

उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य ...रा यता उता फाल्दैछ

शुभकामना टक्...,

प्रधान

...क गा...

परिवार भा...

श्री ५ महाराजाधिराज सरकारको ३६ सौं शुभजन्मोत्सव... महान

उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दिर्घायुको निमित्त

हार्दिक शुभकामना टक्र्याउँदछौं ।

प्रधानपञ्च तथा

मधुमल्ला गाउँ पञ्चायत

परिवार मोरङ्ग (कोशी)

श्री ५ महाराजाधिराज सरकारको ३६ सौं शुभजन्मोत्सवको महान

उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दिर्घायुको निमित्त

हार्दिक शुभकामना टक्र्याउँदछौं ।

श्री राधिका माध्यमिक विद्यालय

उर्लावारी, मोरङ्ग

श्री ५ महाराजाधिराज सरकारको ३६ सौं शुभजन्मोत्सवको महान

उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दिर्घायुको निमित्त

हार्दिक शुभकामना टक्र्याउँदछौं ।

प्रधानपञ्च तथा

...राखुजि ...ँ...

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri